मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २० | २०८० साल मंसिर २२ गते शुक्रबार | Friday 08, December 2023 | सूर्योदय: बिहान ६:४२ बजे | सूर्यास्त: साँझ ५:१२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

### केन्द्र सरकारमाथि दबाब बढाउँदै प्रदेश सरकार
## संकल्प प्रस्ताव बोकेर काठमाडौँ जाने तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले केन्द्र सरकारलाई एक महिने अल्टिमेटम दिएको शनिबार सकिदैछ । एमालेका प्रमुख सचेतक हरिनारायण महतोको प्रस्ताव र बाँकी सबै दलको समर्थनमा बुधबार नै प्रदेश सभाबाट संकल्प प्रस्ताव पारित गरिसकेको छ । अब प्रदेशसभाबाट पारित गरेको संकल्प प्रस्ताव बोकेर अब प्रदेश सरकार केन्द्र सरकारलाई दबाब दिन पुनः काठमाडौं जाने तयारीमा छ ।
प्रदेश सरकारले केन्द्र सरकारसँग मागिरहेको अधिकारका विषयमा सबै दलहरु सहमत भएपछि केन्द्र सरकारमाथि थप दबाब बढ्ने विश्वास प्रदेश सरकारको छ । प्रदेशमा प्रहरी तथा निजामती कर्मचारी समायोजन गर्न आनाकानी गर्दै आएको केन्द्र सरकारविरुद्ध दबाब दिन यतिबेला मधेश प्रदेशका सबै दलहरु एकमत भएका छन् ।
गत कात्तिक २३ गते मधेश प्रदेशको सर्वदलीय प्रतिनिधिमण्डलले प्रहरी समायोजन सहितका ६ बुँदे माग राखेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको थियो । प्रहरी समायोजन ऐनअनुसार प्रहरी समायोजन गर्न र प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकार मातहत आवश्यक निर्देशन र सहजीकरण गरिदिन आग्रह गरेका नेताहरुले एक महिना भित्र माग सम्बोधन नभए आन्दोलन गर्ने चेतावनी समेत दिएका थिए । संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले कर्मचारी खटाउन नसकेको भन्दै ज्ञापनपत्रमा, प्रदेशमा खटिने सचिव प्रदेश सरकारको मातहतमा रहने र स्थानीय तहहरुमा खटिने प्रशासकीय अधिकृतहरुलाई प्रदेश सरकार मातहतमा रहने गरी निजामती विधयेक तत्काल संसदबाट पास गर्न माग गरिएको छ । तत्काल पारित हुन न सक्रे अवस्था भए नागरिकको प्रभावकारी सेवा पाउने अधिकारलाई ध्यानमा राख्दै तत्कालको आवश्यकतालाई सम्बोधन गर्न अध्यादेश मार्फत भए पनि माग सम्वोधनको लागि ध्यानाकर्षण गराएका थियो । त्यसैगरी मधेशको सर्वदलीय प्रतिनिधिमण्डलले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क करबाट उठेका राजश्व बाँडफाँट पुनरावलोकन गर्न माग गर्दै आएको छ । प्रधानमन्त्री प्रचण्डले माग सम्बोधन गर्न प्रयास गर्ने आश्वासन दिएको भए पनि त्यो पूरा हुन नसक्दा प्रदेशका नेताहरु केन्द्र सरकारसँग आक्रोशित बनेका छन् ।
संविधान सभाबाट पारित भएको संविधान निर्माण भएको आठ वर्ष बिति सक्दा पनि प्रदेश सरकारले संविधानको एकल सूचीमा परेको विषयमा आफ्नो अधिकार प्रयोग गर्न नपाएकोमा प्रदेश सरकारले विगतदेखि नै असन्तुष्टि जनाइरहेको छ । केन्द्र सरकारले अधिकार न दिदा प्रदेशको शान्ति सुरक्षा, सुशासन र प्रशासनमा प्रदेशको एकल अधिकार सूचि लगायतका विषयहरु कार्यान्वयनमा समस्या रहेको प्रदेश सरकारको बुझाई छ ।

## मधेशमा बढ्यो चिसो



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका सिरहा, सप्तरी, महोत्तरी, धनुषा, रौतहट, सर्लाही, पर्सा र बारासहित तराई मधेशका जिल्लामा चिसो बढेको छ ।
बुधबार बिहानदेखि हल्का वर्षासँगै चिसो सिरेटोहित हावा चलेपछि जाडो बढेको हो ।
हल्का जाडो बढ्दै गएको भए पनि बुधबारबाट चिसो सिरेटोसहितको सामान्य वर्षाले यस वर्ष जाडो बढेको हो ।
जाडो बढेसँगै बारा, पर्सा लगायतका मधेशका सबै जिल्लामा जनजीवन प्रभावित भएको छ । चिसो बढेसंगै वीरगंज र आसपासका क्षेत्रमा सर्वसाधारणको आवतजावत पातलिएको छ भने गाउँठाउँमा सर्वसाधार आगो तथा घुर बालेर बसेका छन् ।
चिसो बढेसँगै वीरगंज बजारमा न्यानो कपडा किन्ने तथा इलेक्ट्रिक हिटर, गिजरको बिक्री बढेको छ । तर यता न्यानो कपडाको अभावमा विपन्न परिवार भने पीडित भएका छन् । एकाएक बढेको जाडोले सर्वसाधारणलाई जाडो छल्न गाह्रो भएको छ ।
पुस, माघको जाडोले न्यून आयआर्जन भएका अति विपन्न र दलित परिवार एकाएक जाडो सुरु भएपछि प्रभावित भएका छन् । कठ्याग्रिँदो जाडोका कारण तराई मधेशमा बर्सेनि विपन्न परिवारका व्यक्तिको मृत्यु हुँदै आएको छ । चिकित्सकहरूले भने चिसो बढ्दा बालबालिका, वृद्धवृद्धा र शारीरिक अवस्था कमजोर रहेका व्यक्तिले स्वास्थ्यमा ख्याल गर्न आग्रह गरेका छन् ।
नारायणी अस्पतालका वरिष्ठ फिजिसियन डा. निरज सिंहले जाडो याममा चिसोजन्य संक्रमण बढ्ने भएकाले शरीर ढाक्ने न्यानो कपडा लगाउन र ताजा तथा तातो अनि झोलिलो खानेकुरा खान सर्वसाधारणलाई सुझाव दिन्छन् । चिसोका कारण दम, मुटुका रोगी, वृद्धवृद्धा, बालबालिकालाई बढी सास्ती हुने भएकाले सजग रहन आग्रह गरिएको छ ।

## किर्ते प्रकरणका वडाध्यक्ष फरार, महिला पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले कीर्ते कागजातको आरोपमा पक्राउ पुर्जी जारी भएका संगीताद देवीलाई पक्राउ परेको छ । तर पक्राउ परेका अभियुक्तले आफूलाई गीता देवी दाबी गर्दै आफू घटनामा संलग्न नभएको दाबी गरेर प्रहरीलाई झुक्याउने काम गरिरहेकी छिन् ।
पर्साको बहुदरमाइ–२ का वडाध्यक्ष जितेन्द्र पटेलले अरुका नाममा कीर्ते कागजात बनाएका आरोप लागेपछि उनीसहित संगीता देवीविरुद्ध पक्राउ पुर्जी जारी भएको हो । प्रहरीले संगीता देवी पक्राउ गरेर अनुसन्धान जारी राखेको छ । स्थानीय ३६ वर्षीया संगीता देवीको नामा कागजात बनाएको आरोपमा वडाध्यक्षविरुद्ध पक्राउ पूर्जी जारी भएपछि उनी फरार भएका छन् । उनी गाउँमा लुकेर बसेको भन्दै स्थानीयले जानकारी दिएका छन् । यद्यपि



प्रहरीले पक्राउ गर्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय पर्साले उनलाई हाजिर हुन पत्राचार गरे पनि वडाध्यक्ष पटेल लुकेर बसेका हुन् । प्रहरीले पोखरिया, विन्ध्यवासिनीलगायतका प्रहरी कार्यालयलाई पटेलबारे जानकारी दिन आग्रह गरेको छ ।
यही कीर्ते मुद्दाका अभियुक्त विकास प्रसाद यादव केही दिनअघि जिल्ला प्रहरी कार्यालयबाट पक्राउ परेका थिए । पक्राउ परेकी संगीतादेवी पक्राउ परेका विकासकै पत्नी हुन् । पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीको लापरबाहीका कारण वडाध्यक्ष फरार भएका भएको आरोप लागेको छ । यो पनि फेला परेको छ कि, प्रहरी कार्यालय विन्दबासिनीका अधिकारी र वडाध्यक्ष पटेलबीच कुराकानी भएको समेत भएको देखिएको छ । यता पक्राउ परेकी संगीता देवीले आफू विकासकी पत्नीसमेत होइन भनेर बच्न खोजेकी छिन् ।


## 'नेपाल–भारत सम्बन्ध अतुलनीय'

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारत, बिहारका उद्योग मन्त्री समिरकुमार महासेठले नेपाल भारत सम्बन्ध अतुलनीय रहेको बताएका छन् । बिहीबार जनकपुरधाममा पत्रकारसँग उनले भने, 'राजनीतिकरूपमा नेपाल र भारत दुई राष्ट्र भए पनि भौगोलिक र सांस्कृतिक रूपमा समानता छ ।'
'दुई देशको भाषा, खानपान, रीतिरिवाज र परम्परा सबै समान छन्,' उनले भने, 'रोटी बेटीका सम्बन्ध त्रेतायुगसँग सम्बन्धित छ ।' मन्त्री समीर महासेठले थपे, 'मेरो मातृ गृह जनकपुरधाम हो, त्यसैले नेपालप्रति आकर्षण बढी छ ।' उनले भने, 'भारतीय चेलीले नेपालमा बिहे गर्छन् तर नेपालमा नागरिकतामा समस्या भइरहेको छ ।'
उनले दुवै देशका सुरक्षाकर्मीले एकअर्काका नागरिकसँग राम्रो व्यवहार नगर्ने घटनाको सूचना आउने गरेको स्वीकार गरे । उनले यसलाई सुधार गर्न जरुरी रहेको बताए । बिहारका उद्योग मन्त्री महासेठ आफन्तको बिहेमा महोत्तरीको बर्दीबास जाने क्रममा जनकपुरधाममा बसेका हुन् । जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साह र नेपाली कांग्रेसका नेता हरि राउतले जटही नाकामा उनको स्वागत गरेका थिए ।

## ठूला भ्रष्टाचारको अनुसन्धान थालिन्छः प्रधानमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ठूला भ्रष्टाचारका घटनाको अनुसन्धान थालेर सुशासनको लडाईंलाई अर्को चरणमा उठाइने तयारी भइरहेको बताएका छन् । माओवादी केन्द्रको तारकेश्वर नगरस्तरीय कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा बुधबार उनले भ्रष्टाचारविरोधी र सुशासन प्रवद्र्धनको अभियानमा सरकार नरोकिएको बताए । 'सरकारले सुशासनको पक्ष र भ्रष्टाचारविरुद्ध अभियान थालनी गरेको छ । अहिले पनि अभियान रोकिएको छैन,' प्रधानमन्त्री दाहालले भने, 'भ्रष्टाचारका गम्भीर फाइल खोलेर सुशासनको लडाईंलाई अर्को चरणमा उठाउने तयारीमा छौँ ।' उनले भ्रष्टाचारविरुद्धको अभियानमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए । 'नक्कली भुटानी शरणार्थीलगायत भ्रष्टाचार र अनियमितताका घटनालाई अनुसन्धान गरी एक चरणमा पु¥याइएको छ । नेपालको इतिहासमा यो स्तरको भ्रष्टाचारविरुद्धको अभियान कहिल्यै पनि चलेको थिएन,' प्रधानमन्त्री दाहालले भने, 'पहिलोपटक माओवादी केन्द्रको नेतृत्वमा यो आन्दोलन चलेसँगै सफलताको उचाइमा पुगेको छ । अब सुशासनको अर्को नयाँ अभियानतर्फ प्रवेश गरिन्छ ।' मिटरब्याज र नागरिकता समस्या समाधान, विदेशमा रहेका र अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी सामाजिक न्यायको प्रक्रियालाई अगाडि बढाइएको उल्लेख गरे ।



# प्रणाली बलियो बनाउन सङ्कल्प यात्राः ओली

**मधेशदृष्टि**
**कास्की ।**
नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीले सुरु गरेको 'झुलाघाट–चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा' लोकतान्त्रिक आचरण र प्रणालीलाई बलियो बनाउन गरिएको बताएका छन् । अभियानका क्रममा बुधबार साँझ मध्यपहाडी राजमार्गको पोखरा महानगरपालिका–२५ हेम्जामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रियता, सुशासन र समृद्धिका लागि अभियान प्रभावकारी भएको उल्लेख गरे ।

अध्यक्ष ओलीले देशमा राजतन्त्र पुनःस्थापनाको कुनै सम्भावना नभएको बताउँदै भने, 'मरेर गएको राजतन्त्र फर्किंदैन र फर्किन पनि दिइने छैन भन्ने सन्देश दिन हाम्रो सङ्कल्प यात्रा हो । यो अभियान अहिलेको लोकतन्त्रलाई बलियो बनाउन हो, यही सन्देश दिन चाहेका छौँ ।'

अध्यक्ष ओलीले अभियानका क्रममा देशका विभिन्न क्षेत्रका जनतासँग प्रत्यक्ष संवाद गरेर जनताका समस्या र विकास निर्माणका आवश्यकताका बारेमा जानकारी लिने काम गरिरहेको बताए ।

'देशभरिका जनतासँग प्रत्यक्ष भेटेर अब विकास कसरी गर्ने, कहाँको समस्या के छ ? भनेर तीन हप्ताको लगातारको यात्रा प्रारम्भ गरेका छौँ ।

एमालेप्रति जनताको आशा, विश्वास र भरोसा छ । त्यो भरोसा हामी टुट्न दिने छैनौँ, कायम राख्ने छौँ,' अध्यक्ष ओलीले भने ।

उनले एमाले सरकारमा पुगेर जनतालाई सुखी र खुसी बनाउन सम्भव छ भनेर प्रमाणित गरेको समेत बताए । अध्यक्ष ओलीले आगामी दिनमा पार्टीले समाज परिर्वतनको नेतृत्व गर्ने उल्लेख गरे ।

# छोरो मरेको खबर आयो लाश ल्याउन के गर्ने ?

**मधेशदृष्टि**
**पोखरा ।**
पोखराका लक्ष्मी राई र धनराज राई २६ वर्षे छोरा सम्झिँदा अहिले पनि भक्कानिन्छन् । रुसी सेनामा भर्ती भएका देवान राईको मृत्यु भएको खबर दुई महिनाअघि सुन्दा उनीहरूमाथि ठूलो वज्रपात भएको थियो ।


देवान राई पहिला रोजगारीका लागि दक्षिण कोरिया जान चाहन्थे । तर कोभिड महामारीका कारण उनको योजनामा तुषारापात भयो । पछि उनले रुस गएर पढ्ने इच्छा गरे । आमाबुबाले ऋण गरेर उनलाई गत वर्ष रुस पठाए । रुसमा मृत्यु भएको दुई महिना भइसक्दा पनि छोराको शव नआएकाले र अन्तिम संस्कार गर्न नपाएकोमा उनीहरू पिरोलिएका छन् । उताबाट शव ल्याउन धेरै खर्च लाग्ने भएकाले के गर्ने भन्ने निधो उनीहरूले गर्न सकेका छैनन् । रुस–युक्रेन युद्धमा मारिएका नेपालीहरूको शव ल्याउन किन चुनौती देखियो ?

# सिम्रौनगढमा विद्यालयमा पठनपाठन ठप्प

**मधेशदृष्टि**
**बारा ।**
जिल्लाको दक्षिणी भेगमा रहेको सिम्रौनगढ नगरपालिकामा सम्पूर्ण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको छ । शिक्षकहरुले ४ देखि १४ महिनासम्मको तलब सुविधा नपाएपछि बिहीबारदेखि नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको हो । सेवा सुविधाको माग गर्दै शिक्षक तथा कर्मचारी दुई महिनादेखि नगरपालिकाको मूलगेटमा धर्ना बस्दै आएका थिए । तर शिक्षकहरुको आन्दोलनलाई नगरपालिकाले चासो नदेखाएपछि पठनपाठन ठप्प पार्नुपरेको नेपाल शिक्षक संघ नगर कार्यसमितिका अध्यक्ष उमाशंकर यादवले जनाएका छन् । उनले स्थायी शिक्षकहरुले दसैँ भत्तासहित चालु आर्थिक वर्षको ४ महिनाको र करार, ज्यालादारी तथा नगर शिक्षकहरुले १४ महिनादेखि सेवा सुविधा नपाएका गुनासो गरे । 'हामीलाई दैनिक गुजारा चलाउन समेत धौधौ छ, पसलेहरुले रासनपानी उधारो पत्याउँदैनन्, विद्यालयमा बालबालिकाहरुको दिवा खाजा कार्यक्रम समेत २ महिनादेखि रोकिएको छ', उनले भने ।

शिक्षकहरुको आन्दोलनले विद्यालय बन्द हुँदा १५ हजारभन्दा बढी विद्यार्थीको पठनपाठन प्रभावित भएको छ । सिम्रौनगढ नगरपालिकाभित्र ३२ वटा सामुदायिक विद्यालयमा बालविकास, अस्थायी करार, नगर शिक्षक, विद्यालय कर्मचारी र स्थायी शिक्षक गरी १९० जना कार्यरत छन् । तीमध्ये स्थायी शिक्षकले चालु आर्थिक वर्षको पहिलो चौमासिकको तलब, दसैँ पेश्की पाएका छैनन् भने अन्यको हकमा गत आर्थिक वर्षको १२ महिना र चालु आर्थिक वर्षको ४ महिनाको सेवा सुविधा बाँकी छ ।

# उपराष्ट्रपति यादव र सार्क महासचिव सरवरबीच भेट



**रासस**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का नवनियुक्त महासचिव मोहम्मद गुलाम सरवरले बिहीबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटघाट गरेका छन् ।

भेटघाटका क्रममा उपराष्ट्रपति यादव र महासचिव सरवरले बधाई तथा शुभकामना आदानप्रदानपछि सार्क सदस्य राष्ट्रहरुको आपसी सहयोग र समझदारीबाट सङ्गठनले गतिशीलता प्राप्त गर्ने विश्वास व्यक्त गरेको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ । उपराष्ट्रपति यादवले नेपाल सार्क वडापत्रका अन्तरनिहित सिद्धान्त र लक्ष्यप्रति सदैव प्रतिबद्ध रहदै आएको बताउँदै दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धि, सामाजिक प्रगति एवं सांस्कृतिक विकासलाई तीव्रता दिन सार्क प्रभावकारी माध्यम बन्न सक्ने बताए । 'दक्षिण एसियाली क्षेत्रका जनताको आशा यस क्षेत्रीय सङ्गठनको प्रभावकारितामा रहेको छ' उनले भने, 'तसर्थ, सदस्य राष्ट्रहरुले यस क्षेत्रीय सङ्गठनलाई गतिशील र परिणाममुखी बनाउन प्रयत्न गर्नु पर्दछ ।' उपराष्ट्रपति यादवले १९औँ सार्क शिखर सम्मेलन आयोजना गर्नमा भएको ढिलाइ र अन्य महत्वपूर्ण बैठकसमेत हुन नसकेको अवस्थाले सार्कको कार्यमा असर परेकोमा चिन्ता व्यक्त गरे ।

उनले सार्क सदस्य राष्ट्रहरुले अवरुद्ध शिखर सम्मेलन आयोजना गर्न छिट्टै सहमति जुटाउने विश्वास पनि व्यक्त गरे । 'सार्कको संस्थापक सदस्य तथा वर्तमान अध्यक्षको हैसियतमा नेपाल सदस्य राष्ट्रहरुबीच एकता र ऐक्यबद्धताको भावनामा सार्क प्रक्रियालाई अगाडि बढाउन पूर्ण रुपमा प्रतिबद्ध छ', उनले भने, 'सदस्य राष्ट्रहरुले सहयोग र समझदारीको माध्यमबाट सार्कलाई गति दिनेमा म आशावादी छु ।'

उपराष्ट्रपति यादवले सार्क प्रक्रियालाई अगाडि बढाउने सम्बन्धमा महासचिवको विचार र योजनाप्रति धन्यवाद दिँदै महासचिवले आफ्नो सक्षम नेतृत्वबाट सार्क प्रक्रियालाई थप सक्रिय बनाउन र यस क्षेत्रले भोगिरहेका चुनौतीको सामना गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास पनि व्यक्त गरे । भेटघाटमा सार्कका नवनियुक्त महासचिव सरवरले सदस्य राष्ट्रहरुको संयुक्त पहलमै सार्क अगाडि बढ्ने बताए । 'म सबै सदस्य राष्ट्रको भ्रमण गरी सार्कलाई अगाडि बढाउन सक्दो प्रयत्न गर्नेछु', उनले भने, 'सार्कलाई अगाडि बढाउन नेपाल र नेपाली जनताको प्रतिबद्धताप्रति म आभार प्रकट गर्दछु ।'

सुचना ! सुचना !! सुचना !!!

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयका संस्थापक/प्रिन्सिपलज्यूलाई जानकारी गराइन्छ कि आ-आफ्नो स्कूलबाट T.C. नलिई अन्य स्कूलमा भर्ना गराइएको विद्यार्थीको सम्पूर्ण विवरण यही मंसिर २० गते सम्म PABSON वा N-PABSAN नगर कमिटीमा दर्ता गराउन अनुरोध छ।
उक्त समयपछि T.C. चेक जाँचमा आउँदा विना T.C. विद्यार्थी भर्ना भएको पाइएमा भर्ना लिने विद्यालय नै नेपाल सरकारको शिक्षा नियमावलीबमोजिम दोषी ठहर भई त्यस स्कूलमाथि सामाजिक, प्रशासनिक कारबाही साथै पत्रपत्रिका तथा समाचारमा समेत विद्यालय, विद्यार्थी तथा अभिभावकको नाम, ठेगानासहित आउने हुँदा यसै समय सिमाभित्र T.C. (Transfer Certificate) लिनु हुन अभिभावक साथै हाल अध्ययनरत विद्यार्थीलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आग्रहकर्ता
N-PABSAN तथा PABSON
इकाई कमिटी
जनकपुरधाम उपमहानगरपालिका

# आगलागीपीडित परिवारलाई सहयोग

**मधेशदृष्टि**
**मोरङ ।**
विराटनगर महानगरपालिकाले आगलागीमा ज्यान गुमाएका पीडितपरिवार र घाइतेलाई राहत उपलब्ध गराउने भएको छ । बुधबार महानगरपालिकाको सातघुम्तीस्थित कवाडी गोदाममा भएको आगलागीबाट पीडित परिवार र घाइतेलाई राहत दिने भएको हो । मृत्यु भएका परिवारलाई जनही एक÷एक लाख तथा घाइतेलाई ५०÷५० हजार रुपैयाँ राहत महानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने महानगरका प्रमुख नागेश कोइरालाले जानकारी दिए । विराटनगर–७ सातघुम्तीस्थित दुखा मण्डलले सञ्चालन गरेको कवाडी पसलमा बुधबार आगलागी हुँदा विराटनगर–६ का दीपक मण्डल, सुशीला पासवान र सुनिता कामतको मृत्यु भएको थियो । सुशीलाको घटनास्थलमै मृत्यु भएको थियो भने मण्डलको बुधबार उपचारका लागि अस्पताल लैजाने क्रममा विराटनगरमा तथा सुनिता कामतको उपचारको क्रममा काठमाडौँमा मृत्यु भएको थियो । घटनामा घाइते भएका विराटनगर–६ का किशोर पासवान, रीता सरदार र कटहरी गाउँपालिकाका–६ की पिंकी कामतको काठमाडौँमा उपचार भइरहेको छ । महानगरले काठमाडौँबाट सुनिताको शव ल्याउने व्यवस्थापन मिलाएको छ । महानगरले कवाडी व्यवसाय र गोदामसहित सम्वेदनशील व्यवसायलाई व्यवस्थित गर्ने भएको छ । महानगरपालिकाले निश्चित स्थान तोकेर मात्रै कवाडी, गोदामलगायत अन्य संवेदनशील व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने भन्दै महानगरले आगामी दिनमा यस प्रकारका संवेदनशील व्यवसायजन्य सुरक्षाको मापदण्डलाई कडाइका साथ अनिवार्य लागू गरिने जनाएको छ ।

# मिटरब्याजीले हडपेको खेतबाट पीडितले भित्र्याए धान

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाका मिटरब्याज पीडित किसानले साहुले हड्पेको खेलबाट धान भित्र्याएका छन् । जिल्ला प्रशासन कार्यालय सिरहाले मिटरब्याज (अनुचित लेनदेन)का उजुरीहरुको समयमै सुनुवाइ नगर्दा उजुरीकर्ताहरु आक्रोशित बन्न थालेका छन् । सरहा नगरपालिका–१९, सन्हैठामा बिहीबार मिटरव्याज पीडितले साहुले हड्पेको जमिनको धान काटेर घरमा भित्र्याएका छन् ।

स्थानीय रामशरण यादवले गाउँकै योगेन्द्र यादवसँग २०६१ पुस १ गते १ लाख रुपैयाँ लिएबापत १४ कट्ठा जग्गा धितो राखेका थिए । तर आफूले ऋण तिरिसके पनि साहुले सबै जमिन हड्पेको भन्दै उनले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए ।

उजुरीको छिनोफानो हुन ढिला भएपछि उनले खेतको धान काटेर भित्र्याएका हुन् । रामशरणले एक लाख रुपैयाँ लिएबापत थप ४ लाखको कपाली र १४ कट्ठा जमिन समेत धितो बापत राजीनामा पास गरेको बताए । रकम लिएको दुई वर्षभित्रै आफूले योगेन्द्रको घर बनाउने बेलामा ईंटा, बालुवा र गिट्टी आफ्नै ट्याक्टरमा लगिदिएर हिसाब मिलान गरेको उनको दाबी छ । त्यसपछि जमिन फिर्ता गरिदिन आग्रह गर्दागर्दै योगेन्द्रले थप दुई बिघा १० कट्ठा ६ धुर जमिन हड्पेको रामशरण यादवको आरोप छ । समाजको दबाबपछि योगेन्द्रले २०६९ माघ १८ गते योगेन्द्रको छोरा अमितको नामबाट रामशरण यादव र रामनाथ यादवको नाममा एक बिघा ४ कट्ठा जमिन फिर्ता गरिदिए । तर योगेन्द्रका छोरा, श्रीमतीले हकदाबी मुद्दा लगाएर २०७५ जेठ २ गते जमिन पुनः फिर्ता लिएको उनले बताए । जिल्ला प्रशासन कार्यालयले पटक पटक पत्र काटेर छलफलमा बोलाए पनि योगेन्द्र उपस्थित नहुने गरेका कारण अहिलेसम्म सुनुवाइ हुन नसकेको रामशरण बताउँछन् ।

# धरानमा विमानस्थल निर्माणका लागि अध्ययन सुरु



**रासस**
**धरान ।**
नेपाल नागरिक उड्डयन प्राधिकरणले गठन गरेको तीन सदस्यीय टोलीले धरानमा विमानस्थल निर्माणका लागि स्थलगत अध्ययन सुरु गरेको छ । धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईसहित बिहीबार बिहान धरान–१७ को डाँडाघोपा पुगेको टोलीले विमानस्थल निर्माण गर्ने भनिएको स्थानमा भौगोलिक अवस्थितिको अध्ययन गरेको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको निर्देशनमा गत कात्तिक २३ गते प्राधिकरणका प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा वरिष्ठ कानुन अधिकृत बिमल खनाल र चार्टर्ड एकाउण्टेण्ट अनिल बस्नेत सदस्य रहेको टोली गठन गरिएको थियो । बुधबार धरान आइपुगेको टोलीले उपमहानगरपालिकामा छलफल गरेपश्चात बिहीबार स्थलगत अध्ययन सुरु गरेको हो । अध्ययन टोलीका संयोजक थापाले विगतमा भएका अध्ययन प्रतिवेदनलाई नै आधार मानेर अध्ययन अघि बढाइएको बताए । सोही स्थानमा विमानस्थल निर्माणका लागि भनेर प्राधिकरणले पहिला पनि अध्ययन गरेको थियो । प्राधिकरणले २०७४ असार १ गते धरान उपमहानगरपालिकालाई पत्र पठाउँदै एटीआर ४२ सिट क्षमताको जहाजका लागि विमानस्थल निर्माण गर्न करिब ९३ दशमलव २५ बिघा जग्गा आवश्यक पर्ने उल्लेख गरेको थियो । अध्ययन टोलीका संयोजक थापाले हाल नेपालमा ७२ सिट क्षमताका जहाज प्रचलनमा रहेकाले उक्त जहाजका लागि विमानस्थल बनाउन अझै धेरै जग्गा आवश्यक पर्ने बताए । डाँडाघोपामा निजी कम्पनी यति इन्कर्पोरेट प्रालिले विमानस्थल निर्माण गर्ने भनेर २०६० सालमा करिब सात बिघा जग्गा खरिद गरेको थियो । निजी कम्पनीले विमानस्थल निर्माण गर्न पाउने स्पष्ट कानुन नरहेकाले विमानस्थल बन्न सकेको छैन । तत्कालीन समयमा विमानस्थलका लागि सस्तो मूल्यमा जग्गा बिक्री गरेका स्थानीय भने विमानस्थल नबन्ने भए आफ्नो जग्गा फिर्ता हुनुपर्ने माग गरिरहेका छन् । बिहीबार स्थलगत अध्ययनमा पुगेको टोली समक्ष पनि स्थानीयले विमानस्थल निर्माण गर्ने भए तुरुन्तै सुरु गर्न र नबन्ने हो भने जग्गा फिर्ता गर्न माग गरेका छन् ।

उपमहानगरपालिकाका प्रमुख राईले स्थानीयलाई सम्बोधन गर्दै यति इन्कर्पोरेटको नाममा रहेको जग्गा पनि उपमहानगरको नाममा ल्याएर विमानस्थल निर्माणको काम छिट्टै अघि बढाउने बताए । उनले भने, 'प्राविधिक टोलीले नापजाँच गरेपछि कस्तो प्रतिवेदन आउँछ, त्यसअनुसार श्रमदान गरेर भए पनि विमानस्थल बनाउँछौँ ।'

# एनसेल बिक्री भएको शेयर दर्ता नगर्न आदेश

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उच्च अदालत पाटनले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको बिक्री भएको शेयर दर्ता नगर्नु÷नगराउनु भनी अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

उच्च अदालतका न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको एकल इजलासले बिहीबार एनसेलका बिक्री भएका शेयर दर्ता किताबमा दर्ता नगर्नु÷नगराउनु भनी कम्पनी रजिस्ट्रार कार्यालयका नाममा उक्त आदेश गरेको हो । आदेशमा भनिएको छ, 'मंसिर २५ गतेसम्मका लागि खरिद बिक्री भएका एनसेलका शेयरहरू दर्ता किताबमा दर्ता नगर्नु÷नगराउनु भनी विपक्षीहरूका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ ।'

अदालतले उक्त विवादमा दुवै पक्षलाई छलफलका लागि यही मङ्सिर २५ गते बोलाएको छ । उक्त छलफलपछि अदालतले अन्तरकालीन अन्तरिम आदेशलाई जारी राख्ने वा अन्य आदेश जारी गर्ने भन्ने निर्णय गर्नेछ ।

मलेसियन कम्पनी आजियाटाले एनसेलमा ८० प्रतिशत शेयर स्वामित्व रहेको रेनोल्ड होल्डिङ्सलाई नेपाली मूलका सतिसलाल आचार्यको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गरेको थियो । उक्त विषय सार्वजनिक भएपछि गोकुलबहादुर रोकायाले शेयर खरिद–बिक्रीको कारोबारलाई मान्यता नदिन माग गर्दै उच्च अदालत पाटनमा रिट निवेदन दायर गरेका थिए ।

# वायु प्रदूषण रोकथामका लागि आठ सहर एकमत



**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकासहित विश्वका आठ ठूला सहरका प्रमुखले जलवायु परिवर्तनसँगै वायु प्रदूषणको विनाशकारी चक्र र सहरी केन्द्रमा यसको गहिरो जोखिमको प्रभाव अन्त्य गर्न संयुक्त प्रतिबद्धता जनाएका छन् । यसरी प्रतिबद्धता जनाउने सहरमा नेपालको काठमाडौँ महानगरपालिका, अमेरिकाको सिकागो, रोमानियाको बुखारेस्ट, ब्राजिलको फोर्टालिजा, इन्डोनेसियाको जकार्ता, बङ्गलादेशको ढाका, रवङ्दाको कीगाली र उगान्डाको काम्पला छन् । संयुक्त अरब इमिरेट्समा संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी २८औँ सम्मेलन (कोप–२८) जारी रहँदा स्वस्थ सहरका लागि साझेदारी (पार्टनरसीप फरहेल्दी सिटिज) को विश्व सञ्जालमा आवद्ध सहरका प्रमुखले यस्तो प्रतिबद्धता जनाएका हुन् । आठ देशका प्रमुखले बुधबार सार्वजनिक संयुक्त प्रतिबद्धता पत्रमा भनिएको छ,'जनसङ्ख्याको आकार र चुनौतीसँगको निकटताले, सहरहरुले परिवर्तनको उदाहरणीय नेतृत्व गर्न सक्ने प्रचुर सम्भावना बोकेका छन् । कोप २८ मा विश्व नेता भेला भइरहँदा, हामी विश्वभरका सहरलाई वायु अनुगमनका प्रभावकारी कार्यक्रम अपनाउन नागरिकको जीवन सुधार गर्न सार्वजनिक स्वास्थ्यकार्य प्रवद्र्धन गर्न आह्वान गर्दछौँ ।' कामपाका प्रमुख बालेन्द्र साह (बालेन) ले वायु गुणस्तर अनुगमन सञ्जाललाई सुदृढ गरेर भरपर्दा नीतिसहित विद्यमान वायु प्रदूषण न्यूनीकरण गर्ने नीति रहको बताए । बङ्गालादेशको ढाका उत्तर नगरका प्रमुख मोहम्मद अतिकूल इस्लामले आफ्नो सहरले प्रदूषणमापन यन्त्र जडान गरेर वायु गुणस्तर निगरानीलाई थप बलियो बनाउँदै प्रभावकारी जनस्वास्थ्य नीति अवलम्बन रहेको जानकारी दिए । सिकागो सहरका प्रमुख ब्राण्डन जोन्सनले आफ्नो सहरले समुदायस्तरमा वायु प्रदूषण अनुगमन रणनीति विकास भएपछि पर्यावरणीय न्यायमार्फत आर्थिक योगदान गरिरहेको उल्लेख गरे । वायु प्रदूषणको अवस्था ठाउँअनुसार फरक हुने बताउँदै उनले अनुगमन रणनीतिका बारेमा समुदायस्तरमा समान बुझाइ विकास गर्न ध्यान दिएको बताए । सार्वजनिक स्वास्थ्यमा बढ्दै गएको प्रभाव र जोखिम घटाउन, सहरलाई स्वस्थ्य बनाउन आफूहरु साझेदारी अंशको रूपमा रहेको प्रमुखको भनाइ छ । नसर्ने रोगबाट हुने मृत्युको रोकथाम गर्दै सुरक्षित, उत्थानशील, अधिक लचिलो र अधिक समान सहर निर्माणमा आफूहरुले साझा सङ्कल्पका साथ काम गरिरहेको उनीहरुको भनाइ छ । जनस्वास्थ्य र वातावरणका लागि वायुप्रदूषण सबैभन्दा ठूलो जोखिम रहेको विश्व स्वास्थ्य सङ्गठनले औँल्याएको छ । यसका कारणबाट वार्षिक ७० लाख मानिसको मृत्यु हुने गरेको छ ।

# ‘कानुन निर्माणमा संघीय संसदको जिम्मेवारी अस्पष्ट’



**रासस**
**काठमाडौँ ।**
छ वर्षअघि निकै उत्साहका साथ राष्ट्रियसभा सदस्यको जिम्मेवारी सम्हालिरहँदा सांसद डा विमला राई पौड्यालाई कानुन निर्माण र जनताका आवाज सम्बोधनमा केही गर्न सकिन्छ भन्ने लागेको थियो । कानुन बनाउने त्यस बेलाको उच्च मनोबल अहिले घटिसकेको भने छैन तर आफ्ना तर्फबाट प्रयास गर्दा गर्दै जति सोचिएको थियो, त्यति गर्न नसकिएको उनको अनुभव छ । ललितपुरस्थित स्वीस दूतावासमा काम गर्दा गर्दै राष्ट्रिय योजना आयोगको सदस्य बनेकी उनी आयोगको सदस्यपछि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको स्वकीय सचिव पनि भइन् । नेदरयाण्डस्को ‘इन्टरनेशन इस्टिच्युट अफ सोसियल स्टडिज’बाट ‘विकास अध्ययन’मा विद्यावारिधि गरेकी भोजपुर निवासी उनले महिला हिंसा, शिक्षा, सुशासन, राष्ट्रियताका सवालमा सदनमा सशक्त आवाज उठाउँदै आएकी छन् । मुलुक र जनताका विषयवस्तुलाई गहनरुपमा प्रस्तुत गर्न सक्ने नेकपा (एमाले) का सांसद पौड्याल सङ्घीय संसद्का सुरुका दुई वर्ष संविधानको मौलिक हकसँग सम्बन्धित मुलुकी ऐनहरू निर्माणमा सरकार र संसद्को सक्रियता रहेको तर पछिल्ला समयमा सरकारले पर्याप्त काम नदिँदा कानुन निर्माणको कार्यमा शिथिलता आएको बताउँछिन् । आफ्नो छ वर्षे कार्यकाल आगामी फागुन २० गते सकिने भए पनि संसदीय गतिविधिमा उत्तिकै लागिरहने पूर्वपरराष्ट्रमन्त्री डा पौड्याल सुरुका दुई वर्षपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)भित्रको विभाजन, संसद् विघटन र राजनीतिक खिचातानीका कारण कानुन निर्माणका कार्य प्रभावित हुँदा खिन्न छिन् । कानुन निर्माणका अतिरिक्त सांसदले सरकारका कामको निगरानी र जनताका समस्या तथा गुनासालाई सदनमा आवाज उठाउन निर्वाह गर्नुपर्ने भएकाले आफूले छ वर्षे अवधिमा ती सवामा सन्तोषजनकरुपमा भूमिका निर्वाह गरेको डा पौड्यालको आत्ममूल्याङ्कन छ । सरकारले ‘बिजनेस’ दिएन भन्ने एउटा पक्ष छ, संसद्ले पनि आफै सक्रिय भएर विधेयकहरू मगाउने र छलफल गर्न सक्दैन ? भन्ने प्रश्नमा उनी भन्छिन्, ‘राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिसिनाले कतिपय मन्त्रीहरूलाई बोलाएर महत्वपूर्ण विधेयक चाँडो ल्याउन पटकपटक भनेको मैले सुनेकी छु । अहिले पनि निजामति कर्मचारीसम्बन्धी विधेयक, प्रदेश प्रहरीको समायोजन विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयक, विश्वविद्यालयसम्बन्धी विधेयक प्रस्तुत तथा पारितमा ढिलाइ भएको छ । यसमा सरकार नै सक्रिय नभई हुँदैन ।’ कानुन निर्माणका सवालमा प्रतिनिधिसभा र राष्ट्रियसभाका बीचमा जिम्मेवारीमा बाँडफाँट गरेर जान सुझाव दिने डा पौड्याल प्रदेश र स्थानीय तहका जनप्रतिनिधिबाट निर्वाचित हुने बौद्धिक एवं विभिन्न समुदायको प्रतिनिधित्व हुने माथिल्लो सदनलाई सङ्घीयता तथा समावेशीतासम्बन्धी विधेयक र नीतिहरूमा बढी अभ्यस्त बनाउनुपर्ने बताउँछिन् । ‘दुई सदनबीच समन्वय भएमा विधेयकहरू छिटो पारित हुने र दोहोरोपना नहुने अवस्था आउँछ ।’ उनले भनिन् । वर्तमान सरकारले प्रतिनिधिसभामा बढी विधेयक दर्ता गर्ने गर्नुले राष्ट्रियसभाका कतिपय बैठक बिजनेश नभएर बस्दै नबसी स्थगन गर्नुपरेका घटना पनि उनी स्मरण गर्छिन् । नेपाल सरकारको वार्षिक बजेट र नीति तथा कार्यक्रममा सांसदहरूले राख्ने सुझावलाई दर्ज मात्रै गरिने तर प्रस्तुत कार्यक्रममा कुनै संशोधन नगर्ने परिपाटी चाँही उनलाई चित्त बुझेको छैन । ‘सत्ता पक्षकै कतिपय सांसदले राखेका जायज कुरा पनि संशोधन हुँदैन । बहुमत र दलीय ब्हिपका आधारमा जे प्रस्तुत भएको छ, त्यही पारित हुन्छ । हामी सांसदले जति कराए पनि कुनै अर्थ हुँदैन । यो पद्धतिमा परिवर्तन गर्नुपर्छ ।’ र्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको समन्वय र सन्तुलनमा सन्दर्भमा सोधिएको प्रश्नमा सांसद डा पौड्यालले केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको संसद् विघटनलाई पुनःस्थापनाबाहेक अन्य सवालमा न्यायालयाले हस्तक्षेप नगरेको उनको तर्क छ ।

# न्यायपालिका लयमा फर्किएको प्रधानन्यायाधीशको दाबी



**रासस**
**नुवाकोट ।**
प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिका अहिले आफ्नो लयमा अघि बढेको दाबी गरेका छन् । नुवाकोट जिल्ला अदालतको बिहीबार नयाँ भवन उद्घाटन गर्दै प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकाबाट प्रवाह हुने सेवालाई समयसापेक्ष अनुरुपको परिर्वतन र आधुनिक प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई तदारुकता दिइएको बताए । ‘आफू प्रधानन्यायाधीश भएको तीन महिनामा अदालतको आन्तरिक र बाह्य कार्य वातावरण अनुकूल बनेको छ’ उनले भने, ‘न्यायिक सुधारप्रति सबैको स्वामित्व र प्रतिबद्धता देखिएको छ ।’ नयाँ दर्ताको तुलनामा मुद्दाको फछ्र्यौट धेरै हुनु, दुई वर्ष नाघेका मुद्दा शून्यमा ल्याउने प्रयास जारी रहनु, सर्वोच्च अदालतमा पेशी तोक्ने कार्यलाई स्वचालित बनाउनुलाई न्यायलयमा सुधारका रूपमा लिन सकिने प्रधानन्यायाधीश श्रेष्ठको भनाइ छ । ‘न्यायालयमा रिक्त न्यायाधीशको पदपूर्ति, ‘भिडियो कन्फरेन्सिङ’मार्फत बहस तथा पैरवीको सेवा हाल छ वटा न्यायालयमा रहेकाले त्यसको विस्तार भइरहेको छ’ उनले भने । उनले काठमाडौँ जिल्ला अदालतमा सुरु भएको ‘पारिवारिक इजलास गठन’ सहितको सेवालाई थप अन्य न्यायालयमा विस्तार, अदालत प्रवेशमा ‘पास’को व्यवस्था, उच्च अदालतमा पेसी तोक्ने कार्यलाई छिट्टै स्वचालित बनाउने तयारीलगायतलाई न्यायालयमा आगामी दिनमा थप सुधारको सङ्केत रहेको उल्लेख गरे । प्रधानन्यायाधीश श्रेष्ठले भने, ‘न्यायपालिकाले छिटोछरितो, गुणस्तरीय एवं प्रभावकारी न्याय सम्पादनको माध्यमबाट न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने तथा सुशासनको प्रत्याभूतिमार्फत भरोसायोग्य न्याय प्रणालीको विकास गर्न प्रतिबद्ध छौँ ।’ कार्यक्रममा उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौलाले अदालतको सेवा जनताको मौलिक हकसँग जोडिएकाले शीघ्र र विश्वसनीय सेवा प्रवाह मुख्य लक्ष्य रहेको बताए । अन्यायमा परेकाका लागि न्यायालयप्रतिको भरोसा गुम्न नदिई सत्य, निष्पक्ष र यथार्थ कार्यसम्पादनमा न्यायलय प्रतिबद्ध रहेको मुख्य न्यायाधीश निरौलाको भनाइ थियो । नुवाकोट जिल्ला अदालतको भवन विसं २०७२ वैशाख १२ को भूकम्पले क्षति पुर्याएपछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन) मार्फत नयाँ भवन नौ करोड ६१ लाख रुपैयाँमा निर्माण गरिएको हो । करिब नौ रोपनी क्षेत्रफलमा फैलिएको नयाँ भवनको तीन तलामा ३४ वटा कोठा छन् । नुवाकोट जिल्ला अदालतका न्यायाधीश मदनबहादुर धामीका अनुसार नवनिर्मित नयाँ भवनमा बाल इजलाससहितको दुई इजलासलगायत न्यायालयका लागि आवश्यक संरचनाले भरिपूर्ण छन् ।

# जहाँ शौच गर्न शिक्षक र विद्यार्थी झाडीतिर दौडन्छन्




**रासस**
**मुगु ।**
सरकार र वैदेशिक दातृ निकाय सबैले विद्यालय शिक्षा र पूर्वाधार सुधारका लागि लगानी बढाउँदै गरेको बताउँदै गर्दा दुर्गम जिल्लामा रहेका विद्यालयका शिक्षक तथा विद्यार्थी अझै पनिशौच गर्न झाडीतिर जान्छन् भन्दा अचम्म लाग्नसक्छ । विसं २०७६ असोज १३ गते खुल्ला दिसामुक्तको मानक पूरा गर्ने नेपाल दक्षिण एशियाकै पहिलो देश भएको भन्दै खुला दिसामुक्त देश तामझामका साथ घोषणा गरिएको थियो भने मुगु जिल्लालाई पनि २०७५ जेठ २८ गते खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो । अझै पनि गाउँघर र विद्यालयतिर कसैलाई दिसापिसाब लागे पाखा, झाडी तथा जङ्लतिर जानुपर्ने अवस्थामा देशलाई नै खुल्ला दिसामुक्त घोषणा कसरी गरियो भन्ने प्रश्न अनुत्तरित छ । सरकार, दातृनिकाय र स्थानीय सरकारको कार्यालय रहेको जिल्ला सदरमुकाम गमगढीको शिर र पुच्छारमा अवस्थित दुई वटा विद्यालयका शिक्षक तथा विद्यार्थी अझै पनि दिसापिसाब गर्न झाडीतिर जाने गरेका पाइन्छ । छायानाथ रारा नगरपालिका वडा न ५ माथि तुममा रहेको श्री आदर्श आधारभुत विद्यालय र सोही पालिकाको वडा नं १३ रुगा गाउँमा रहेको मालिका आधारभुत विद्यालयमा शौचालय नहुँदा अझै पनि शौच गर्न झाडीतिर जानुपरेको हो । सरसफाइ तथा स्वच्छाताका लागि विद्यालयहरूमा लाखौँको शौचालय बनाउने गैर सरकारी संस्था भए पनि छन् ती संस्थाको लगानीबारे प्रश्न उठ्न थालेको छ नाम नछाप्ने सर्तमा एक शिक्षक भन्छन्, ‘मुगुमा विद्यालय भवन बढीमा ३०÷४० लाख रुपैयाँका बन्छन् तर ती विद्यालयमा शौचालय भने ६०÷६५ लाख रुपैयाँमा बनाउने गैर सरकारी संस्था स्थानीय सामान बाहेक सबै आफैँ ल्याउँछन् । ती सामानका मूल्यको बिल विद्यालयले देख्न पाउदैनन् । स्थानीय सरकार र गैर सरकारी संस्थान सबै कमिसनमै आकर्षित हुन्छन् । जुन विद्यालयमा कमिसन आउँछ वा पावरवाला व्यक्ति हुन्छन् उत्तै भौतिक संरचना बनाइन्छन् निरीह र पहँच नपुग्ने विद्यालयका शिक्षक, विद्यार्थी चुहिने भवनमै बसेर पढन–पढाउन र दिसापिसाब लागे झाडी चाहार्न बाध्य हुन्छन् ।’ नव आदर्श आधारभूत विद्यालयका शिक्षक विनोदकुमार मल्ल भन्छन् ‘विद्यालयमा शौचालय र पानीको लागि सहयोग माग्न नपुगेको कुनै संस्था, सरकारी निकाय बाँकी छैनन् । शौच गर्न बालबालिका झाडीतिर जाँदा लडेर हातखुट्टा भाँच्चिएका, चिप्लिएर चोटपटक लागेका कयौँ घटना छन् । हामी शिक्षक पनि शौच गर्न तुम गाउँका स्थानीयवासीका शौचालय जान्छौँ । गत वर्ष छायानाथ रारा नगरपालिकाले दुई कोठे विद्यालय भवन बनाइदियो यो वर्ष खानेपानी र शौचालय बनाइदिन्छौँ भनेर नगरप्रमुखले भनेका छन् हेरौँ ।’ उता मालिका आधारभूत विद्यालयमा पनि एक शौचालय थियो तर २०७९ असोजमा परेको पानीले पहिरो आउँदा शौचालय लग्यो । त्यसयता धेरै निकायमा शौचालय बनाइ दिन आग्रह गरे पनि कतै सुनुवाइ भएन । दिसापिसाब लाग्दा झाडी, जङ्गल र गाउँलेका निजी शौचालय जानुबाहेक अर्को विकल्प नभएको त्यहाँका प्राध्यापक चन्द्रबहादुर शाही सुनाउँछन् । सोही विद्यालयको कक्षा ५ मा अध्ययनरत अक्कल लावड भन्छन्, ‘दिशापिसाव लागे घर वा झाडीतिर जान्छौँ । झाडीतिर जाँदा डर लाग्ने गरेको र आफू एक चोटी दिशा गर्न झाडीमा जाँदा चिप्लिएर टाउकोमा चोट लागेको थियो । यसैगरी कक्षा ४ मा अध्यनरत छात्र राजन रावत भन्छन्, ‘दिसापिसाव गर्न बाहिर जाँदा पढाइ छुट्छ । सर्प र कीराको डर लाग्छ ।’ रुगाको विद्यालयमा एक सय ८५ विद्यार्थी अध्यनरत छन् । खुल्लारुपमा शौच गर्दा वातावरण प्रदूषित हुनाका साथै सरुवा रोग फैलने सम्भावना हुन्छ । समुदायलाई सकारात्मक शिक्षा दिनुपर्ने विद्यालयकै शिक्षकले खुल्ला ठाउँमा शौच गर्नुपर्दा लज्जित हुनुपरेको सम्बद्ध शिक्षकहरु बताउँछन् । नगरपालिका मातहतका ४५ विद्यालयमध्ये केही विद्यालयमा नयाँ भवन बनाइए पनि शौचालयको अभावमा वर्षाका बेला शौचका लागि बाहिर जानुपर्ने अवस्था र भएका शौचालय पनि जीर्ण भएकाले चालु आर्थिक वर्षमै त्यस्ता विद्यालयमा छात्रछात्रा मैत्री शौचालय बनाउने योजना बनाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति शाहिले बताए ।

# सिफारिस भएका न्यायाधीशविरुद्ध दश उजुरी



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सर्वोच्च अदालतमा सिफारिस भएका न्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा १० वटा उजुरी परेका छन् । समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराको अध्यक्षतामा आज सिंहदरबारमा बसेको बैठकमा उजुरी खोल्दा १० वटा परेको पाइएको हो । सर्वोच्च अदालतका लागि सिफारिस भएका न्यायाधीशमा सारङ्गा सुवेदीका नाममा छ, टेकप्रसाद ढुङ्गानाका नाममा तीन र अब्दुल अजिज मुसलमानका नाममा एउटा उजुरी परेको समितिका सभापति जबराले जानकारी दिए । उनकाअनुसार सिफारिस भएका न्यायाधीशमा महेश शर्मा पौड्याल, सुनिल पोखरेल र बालकृष्ण ढकालको नाममा कुनै पनि उजुरी परेको छैन । समितिका सदस्यहरुले उजुरीउपर र कार्ययोजनाको विषयमा विस्तृतरुपमा अध्ययन गर्नुपर्ने भएकाले केही दिन समय दिनुपर्ने माग गरेपछि अध्ययन समितिले सिफारिस भएका न्यायाधीशहरुको सुनुवाइका लागि यही मङ्सिर २७ गते उजुरीकर्तासँग छलफल गर्ने कार्यक्रम तय गरेको छ । त्यस्तै, आजको बैठकमा सुनुवाइका लागि मङ्सिर २९, आगामी पुस १ र २ गते दुई÷दुई जनाको गर्ने निर्णय भएको हो । न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश नियुक्तिका लागि यही मङ्सिर ५ गते छ जनाको नाम सिफारिस गरेको थियो ।

# आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस

*मानवअधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरेर काम गरेको हो ।*



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आर्थिक वर्ष २०७९÷८० को वार्षिक प्रतिवेदन पेस गरेको छ । शीलतनिवासमा बिहीबार आयोजित समारोहमा आयोगका अध्यक्ष तपबहादुर मगरले राष्ट्रपतिसमक्ष आयोगको वार्षिक प्रतिवेदन पेस गरेको हो । प्रतिवेदन बुझेपछि राष्ट्रपति पौडलले मानवअधिकारको सबैले उपभोग गर्न पाउनुपर्नेमा जोड दिए । उनले लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रतालगायत आधारभूत लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा उतारी मानवअधिकारको परिपालना गर्ने संस्कृति निर्माणतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिए । राष्ट्रपति पौडेलले विद्यालय एवं विश्वविद्यालयका पाठ्यक्रममा मानवअधिकार शिक्षा समावेश गर्नुका साथै जनचेतनाका कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्नुपर्ने जरुरी भएको बताए । आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरेर काम गरेको बताए । प्रतिवेदनमा आयोगमा परेका उजुरी, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारसमक्ष गरिएका सिफारिस, मानवअधिकार संरक्षण र सवर्द्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको विवरण उल्लेख गरिएको छ । साथै मानवअधिकारको संरक्षण र संवर्द्धनमा देखिएका चुनौती एवं आयोगले चाल्ने भावी कदमबारे समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा यस अवधिमा आयोगमा मानवअधिकारको उल्लङ्घन वा हनन भएका जम्मा एक सय उजुरी दर्ता भएका छन् भने न्यायका लागि सम्बन्धित निकायमा पहल गरी दिन भनी दर्ता भएका एक हजार ३० वटा निवेदनउपर पत्राचार तथा पीडितलाई परामर्श सेवा प्रदान गरिएको छ । मानवअधिकारसँग सम्बन्धित विषयमा दुई सय २० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी चार सय तीन उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने १३ वटा नीतिगत र एक सय दुईवटा उजुरीगत सिफारिस गरिएको छ ।

ज्ञान भनेको आफूभित्र भएको कुरालाई
फेरी पत्ता लगाउँनु हो ।
– प्लेटो

## सम्पादकीय

# मधेशमा देखिएको दृश्य

मधेश प्रदेश सभादेखि मधेशमा क्रियाशील राजनीतिक दलहरु सबै मधेशलाई दिइएको अधिकारमा संघ सरकारले हस्तक्षेप गरेको विषयमा एकमत छन् । उनीहरु संघ सरकारले संविधानमै भएको अधिकार जुन प्रदेश सरकारमा निहीत छ, त्यो अधिकार पनि दिएन भनेर सबै प्रदेश सरकारले ६ वर्षसम्म गुनासो मात्रै गरिरहँदा मधेश प्रदेश सरकारले योजनावद्ध ढंगले अधिकार माग्दै अल्टिमेटमसमेत दिने काम भएको छ । यसको अर्थ यो हो कि, मधेश अधिकारको मामलामा एक मत भएर लडाइँ लड्न तयार छ । बुधबार पनि मधेश प्रदेश सभामा संकल्प प्रस्तावसहित मधेश प्रदेशले पाउने अधिकार नपाएसम्म काम गर्न नसकिने भन्दै सबै संकल्प प्रस्तावमा एकमत भए । मधेशका सबै दलहरु एकमत छन् कि प्रदेशलाई दिनु पर्ने अधिकार नपाएसम्म विकास, सुशासन र पारदर्शिता सम्भव छैन । यही मान्यतामा मधेशले देखाएको ऐक्कबद्धताले अन्य प्रदेशका गृहमन्त्रीहरु पनि प्रदेश सरकारले पाउने अधिकार देऊ भन्दै प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापन पत्र बुझाउन पुगे ।

रमाइलो त के छ भने, संविधानमै भएको व्यवस्था, जो अधिकारका लागि लड्यो, त्यसको एकलौटी श्रेय लिन चाहने पार्टी नेकपा माओवादी केन्द्र सरकारमा छ । समावेशिता, अधिकारसम्पन्न, परिवर्तनका मुद्दा लिएर युद्धमार्फत स्थापित भएको पार्टीको सरकारमा लामो अनुभव पनि भइसकेको छ । उसैको एजेन्डा पनि हो प्रदेश सरकार । प्रदेश सरकार र संघीयता कार्यान्वयनको मामलामा पनि एक मात्र पार्टी भन्दै आधिकारिकता नै दाबी गर्ने माओवादीकै गृहमन्त्रीहरु छन् केही प्रदेशमा पनि । गठबन्धनको सहमतिको सरकारमा प्रदेशलाई अधिकारसम्पन्न गर्ने, प्रहरी तथा कर्मचारी समायोजन र सञ्चालनको अधिकार दिने मामलामा केन्द्र सरकार किन आलटाल गरिरहेको छ ? जबकि मधेश प्रदेश सरकारले दिएको अल्टिमेटम पनि सकिएको छ । अर्थात् एक महिनासम्म पनि सरकारको मौनता बुझ्न सकिएको छैन । दिन नसकिने अवस्था हो भने दिन सकिन्न पनि भन्न सक्दैन । दिने भनेर आलटाल गरिरहनु पनि अन्याय हो । यो अन्याय कति दिन सहने भनेर मधेश प्रदेश सरकारले गरेको आन्दोलनको अनेक रुपबारे सरकार जानकारै नभएजसरी अहिलेसम्म मौनता साँधिरहेको छ ।

मधेशबाट उठेको मागको सम्बोधन भएन भने अन्य प्रदेश पनि यसमा जोडिँदै जानेछन् । अन्ततः अधिकारका मामलामा राज्य झुक्नै पर्छ । एउटा एउटा व्यक्तिसँग सम्झौता गर्ने सरकारको बानी नै छ । जस्तो गोविन्द केसी, महावीर पुन । अहिले जनकपुरकै आरती साहको परिवारसँग वार्ता गरिरहेको छ । यस्तो अवस्थामा आफैँले चाहेको प्रदेश र संघीयता कार्यान्वयनका मामलामा माओवादीको सरकार र पार्टीको मौनदा देखेर धेरै छक्क पनि परेका छन् । यो कस्तो मौनता हो ? अर्कातिर मधेश सरकार सबै कामकाज छाडेर यही अधिकारका लागि लडिरहेको छ । यसले ल्याएको राजनीतिक तरंगमा एकातिर प्रदेश सरकार कामविहीन छ भन्ने छ, अर्कातिर प्रदेश खारेजीको माग गर्नेहरुलाई फलिफाप भइरहेको अवस्था छ । अतः मौनता तोडेर सम्वादमार्फत केन्द्र सरकारले प्रदेश सरकारका माग पूरा गर्न जरुरी छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएको लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# मिथिलामा विवाह संस्कार



–वीरेन्द्र रमण

विवाह दुई व्यक्ति बिचमा अन्तआत्माको मिलन हो तर मिथिलामा यसलाई संस्कारको रुपमा व्याख्या गरिएको छ। यो परा पुर्वकाल देखि संस्कारगत रुपमा नै चल्दै आएको छ। रहेक ठाउको आ आफनो रितिरिवाज हुने गरिएको कारणले गर्दा समेत यसको आफनो रितिरिवाज हुने गरिएको छ। तीनै रितिरिवाजको कारणले समाजमा एउटा चलन जस्तै चल्दै आएको छ। त्यो समाजिक चलन समेत रहेको छ। मिथिलामा समाजिक रितिरिवाजका अनुसार ठाउ अनुसारले चल्दै आएको छ। मिथिलामा विवाहलाई संस्कारको रुपमा नै व्याख्या गरिएको छ। व्यक्तिलाई पुर्णता प्रदान गर्न संस्कारको भुमिका महत्वपुर्ण रहने गरिएको छ। त्यसले समेत व्यक्तिको व्यक्तितत्वको विकास गर्ने गरिएको छ। संस्कार, धर्म, सम्प्रदाय, परम्परा, संस्कृति इत्यादि समानार्थी रूपमा प्रयोग गरिन्छ।

तर सबैमा फरक हुन्छ। संस्कार शब्दको अर्थ हो पूर्ण गराइएको, तलासिएको, परिष्कार गरिएको वा सफा गरिएको। संस्कारको अंग्रेजी समानान्तर शब्द हो कल्चर– यो कल्टबाट बनेको छ। यसबाट कृषि युग नै संस्कार र संस्कृतिको प्रारम्भ हो भन्ने स्पष्ट हुन्छ। कृषिको मूल शब्द पनि कृ नै हो। जसले क्रियालाई
जनाउंछ। यसरी संस्कृति र कल्चर दुवै शब्दको मूल एउटै हो।बर्बर र सभ्य संसारबाट टाढा रहेका जातिहरूको मानसिक क्षमता अविकसित नै रहन जान्छ किनभने उनीहरूमा संस्कारको अभाव हुन्छ।

तराई कुन परिसरमा हुर्किनु भयो वा तपाईका आफन्तहरुले कस्तो संस्कार दिए त्यसले समेत व्यक्रिको व्यक्तितत्व निर्माणमा भुमिका खेल्ने गरिएको छ। तर आज विस्तारै संस्कारहरुको क्षयिकरण भईरहेको छ। त्यसले समेत समस्या आउने गरिएको छ। अर्को तर्फ त्यसले संस्कारमा समेत समस्या ल्याउने गरिएको छ। स्मृति र पुराणहरूमा सामान्यता १६ संस्कार मानिएका छन्। जसलाई जन्म, शैक्षिक, विवाह र मृत्युका संस्कारमा विभाजन गर्न सकिन्छ। जसमा चारवटा प्रमुख छन– नामकरण, यज्ञोपवीत, विवाह र अन्त्येष्टि। यज्ञोपवीत वा उपनयन संस्कार शैक्षिक संस्कार हो।

विश्वका प्रायः सबै सभ्य संस्कृतिहरूमा युवा अवस्था प्रवेशका संस्कारहरु पाइन्छन्। यी सबैको उद्देश्य युवालाई प्रतिभावान, अनुशासित र असल सामाजिक नागरिक बनाउनु हो। जो आफैं पनि सुखी रहन्छ र समाजमा पनि सुख शान्ति कायम राख्छ। मानिसहरूले यी संस्कारको मूलमा रहेको दर्शन बिर्सँदै गए। पछि यी संस्कार केवल एक प्रचलन मात्र हुन पुगे। तर यस प्रचलनको मूलमा रहेको मनोवैज्ञानिक र सामाजिकताको वैज्ञानिक आधार आज पनि सान्दर्भिक छ। जन्मदेखि मृत्युसम्ममा पूरा गरिने हिन्दू संस्कारलाई समाजशास्त्रीहरूले विभिन्न वर्गमा विभाजन गरेका छन्। गौतम सुत्रानुसार संस्कार –४० वटा हुन्छ्रमनु एवं याज्ञवल्क्यले १३ संस्कार(गर्भाधान, पुंसवन, सीमंतोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, केशान्त, समावर्तन, विवाह र श्मशान)मा सीमित गरेका छन।

विवाह व्यक्तिको जिवनलाई पुर्णता प्रदान गर्न एक प्रकारको संस्कार नै रहेको छ।

त्यो संस्कारको कारणले व्यक्तिमा परिवारिक जिम्मेवारी र संस्कारिक जिम्मेवारीको समेत बोध हुने गरिएको छ। त्यसले विवाहलाई एउटा संस्कारको रुपमा लिने गरिएको छ। खास गरेर त्रेता युगमा राम सीताको विवाह भएको अवसरमा जनकपुरमा हरेक वर्ष विवाहउत्सव मनाउने गरिएको छ। टाढा टाढमा श्रद्धालुहरु यसमा सहभागिताको लागि आउने गरेका छन। आफनो छोरी जस्तै मिथिलामा रहेक वर्ष विवाह पंचमी मनाउने गरिएको छ। तर त्यो विवाहले समेत महिलाको स्वतन्त्रताको विषयमा त्यो सममया छुट दिइएको थियो। त्यो समयमा महिलाहरु को संग विवाह गर्ने लगायतको विषयमा समेत छुट दिइएको
थियो।

पूर्वीय दर्शनले विवाहलाई सृष्टिक्रम अघि बढाउन स्त्री र पुरुषका बीचमा हुने आत्मनियन्त्रित र मर्यादित सम्झौता मान्दछ। आधुनिक समाजले यसलाई जीवन बिताउने सम्झौता मात्र मान्न थालेको छ। यसैले गर्दा विश्वभरका वैवाहिक जीवनहरू अत्यन्त विवादास्पद हुन थालेका छन्। विश्वभरका मानव पचास प्रतिशत आफ्नो पन त्याग गर्दै पचास प्रतिशत विपरीत लिङ्गीको पन अङ्गिकार गरी गाँसिएको नयाँ वैधानिक सम्बन्धलाई विवाह भन्ने गर्दछन्। अरु धर्मका बेग्लै विचार भएपनि प्राचीन वैदिक सनातन धर्मले भने विवाहलाई एउटा संस्कारका रूपमा लिने गरेको छ। प्राचीन कालमा अठचालीस वटा संस्कार भित्र र आधुनिक कालमा सोह्र वटा संस्कार भित्र विवाह संस्कारलाई लिने गरिन्छ। संस्कारको अर्थ परिष्कार गर्नु हो। वैदिक मन्त्रको प्रयोग गरी शुद्ध, संयमित र शक्तिशाली बनाइने हुनाले विवाहलाई पनि संस्कार भनिएको हो। अध्ययन सकेपछि आफूभन्दा अघिल्लो पुस्ता र आफूभन्दा पछिल्लो पुस्ताको पुलको भूमिका कसरी निर्वाह गर्ने भन्ने कुरा विवाह संस्कारले सिकाउँदछ।

मिथिलामा विवाह लौकिक र वैदिक विधिबाट हुने गरिएको छ। अर्थात विवाह हुदा पण्डितलाई राखेर धार्मिक आचरण अनुसार समेत हुने गरिएको छ।अर्को तर्फ महिलाहरु आ आफनो समाजिक परम्परा अनुसार चल्दै आएको आधारमा समेत विवाह गर्ने गरिएको कारणले गर्दा समेत त्यस अनुसारले समेत विवाह हुदै आएको छ। हिन्दु धर्ममा विवाहलाई उच्च संस्कारको रुपमा व्याख्या गरिएको कारणले यसको प्रकारको विषयमा समेत वर्णन गरिएको छ। हिन्दू धर्ममा विवाहलाई पवित्र संस्कार मानिन्छ। शास्त्रहरूमा आठ मुख्य प्रकारका विवाहको वर्णन गरिएको छ। तीमध्ये ब्रह्मविवाहलाई श्रेष्ठ र पैसाच विवाहलाई सबैभन्दा खराब मानिन्छ।

हिन्दू धर्ममा विवाहलाई पवित्र संस्कार मानिन्छ। यो १६ प्रमुख अनुष्ठान मध्ये एक हो। यसको विधि र कार्यविधि बाहेक आठ प्रकारको पनि शास्त्रमा उल्लेख गरिएको छ। यी प्रकारका विवाह हुन् ब्रह्म, दैव, आर्ष, प्रजापत्य, असुर, गन्धर्व, राक्षस र पैसच। यीमध्ये ब्रह्मविवाहलाई उत्तम मानिन्छ।

**हिन्दू धर्म मा ८ प्रकार को विवाह**

१. ब्रह्मविवाहः असल चरित्र र असल परिवारको दुलहाको सहमतिमा र वैदिक संस्कार अनुसार विवाह गर्नुलाई ब्रह्म विवाह भनिन्छ। दुलहा र दुलहीको तर्फबाट कुनै पनि प्रकारको जबरजस्ती छैन। यो विवाह कुल र गोत्रको विशेष ख्याल राखेर शुभ समयमा गरिन्छ।

२. देव विवाहः यज्ञमा ऋत्विज सजाउनु र कन्यादान गर्नुलाई देव विवाह भनिन्छ। यस विवाहमा केटीको सहमतिमा कुनै काम, सेवा, धार्मिक कार्य वा मूल्यको लागि बेहुलालाई सुम्पिन्छ।

३. आर्ष विवाहः धर्मका लागि बेहुलाबाट एक वा दुई जोडी गाई र गोरु लिएर पूर्ण विधिपूर्वक केटीलाई सुम्पिनुलाई आर्ष विवाह भनिन्छ। यो ऋषि विवाहसँग सम्बन्धित छ।

४. प्रजापत्य विवाहः पूजापछि बाबुले 'दुबैले मिलेर गृहस्थ धर्म पालन गर' भनी छोरीलाई दान दिएमा त्यस विवाहलाई प्रजापत्य विवाह भनिन्छ।याज्ञवल्क्यका अनुसार यस विवाहबाट जन्मिएका सन्तान पवित्र हुन्छन्। तिनीहरूको पुस्ता।

५. राक्षसी विवाहः केटीको बाबु वा परिवारलाई पैसा वा अन्य सम्पत्ति दिएर राजीखुसीले केटी पाल्नुलाई राक्षसी विवाह भनिन्छ। यसमा केटीको चाहना वा मन नपर्ने कुरालाई ख्याल गरिँदैन।

६. गन्धर्व विवाहः दुलही र दुलहीको आपसी इच्छामा हुने विवाहलाई गन्धर्व विवाह भनिन्छ। यो अहिलेको प्रेम विवाह जस्तै हो।

७. रक्षा विवाहः जब एक केटीलाई कुटपिट गरी जबरजस्ती अपहरण गरी विवाह गरिन्छ, तब यो रक्षा विवाह हो। रावणले पनि सीतासँग विवाह गर्न खोजेका थिए।

८. पैसाच विवाहः सुतेकी, मातेकी, मानसिक रुपमा कमजोर युवतीलाई उसको अवस्थाको फाइदा उठाएर उससँग शारीरिक सम्बन्ध राखेर विवाह गर्नुलाई पैसाच विवाह भनिन्छ। यो विवाह सबैभन्दा कम गुणस्तरको भनिन्छ।

तर मिथिलामा प्रचलनमा रहेको विवाह सबै भन्दा उत्कृष्ट मानिएको छ। अर्थात मिथिलामा प्रचलनमा रहेको विवाह लौकिक र वैदिक अनुसारले गरिने गरिएको छ। यस विवाहमा गाइने गितहरुले समेत विवाह एउटा संस्कार हो भन्ने खालका सन्देशहरु दिने गरिएको छ। तीनै संस्कारले आज मिथिला सबै तिर अलौकिक अवस्थामा रहेको पाइएको छ। कुनै समयमा त्रेतायुगामा समेत भगवान रामको विवाह तीनै विधि अनुसार गरिएको थियो।

जसको आज पनि मिथिलाले आत्म साथ गरेको पाइन्छ। वर्तमानमा विवाहका प्रचलन पनि समयानुकूल परिमार्जन भएका छन्। आप्mना पुर्खाले विवाहको जुन परम्परा बसाले, ठाउँ–अवस्था–जाति एवं प्रकृतिअनुसार तिनले त्यसलाई टिप्दै आफ्नो जीवनको अंग बनाएको पाइन्छ। विवाह समाजको सबैभन्दा सशक्त परम्पराका रूपमा स्थापित भएको छ तर समयसँगै विवाहको शैली, वैवाहिक जीवनजस्ता कुरामा निकै ठूलो परिवर्तन देख्न सकिन्छ।हिन्दू धर्मअनुसार विवाह त्यस्तो संस्कार हो जसलाई निकै सोचविचार गरी पूरा गर्नुपर्छ। टाढा टाढासम्मको रक्तसम्बन्धको छानबिन गर्नु आवश्यक छ। यसबाट दुवै पक्ष सन्तुष्ट भएपछि कामकुरो अघि बढ्छ। शुभ मुहूर्त वा लग्न निकालिन्छ। वैदिक पण्डितद्वारा कर्मकाण्ड पद्धतिअनुसार विवाह गराइन्छ।मिथिलामा जाति र गोत्रका महत्व रहने गरिएको कारणले एउटा गोत्रमा विवाह गर्दैन अर्थात जाति एउटै भएपनि फरक गोत्र हुनु पर्ने विवाहको पहिलो शर्तको रुपमा रहेको छ। यस खालको विवालाई मात्रै अभिभावकले छुट दिएको छ।प्रेम गरेर विवाह गर्दा समेत जाति र गोत्र गर्ने गरिएको छ। त्यो भएको अवस्थामा मात्रै विवाहले समाजिक समान्यता पाउने गरिएको छ।

~~~

## नेपाल रेल्वे समय तालिका

**भंगाहा–जनकपुरधाम–जयनगर**

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

**जयनगर–जनकपुरधाम–भंगाहा**

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला। अधुरा काम बन्नाले मन हर्षित होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ। परिवारजनको सहयोग पाइएला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ। आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला। प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला।
~~~

# स्थानीय सरकारका असल अभ्यास



कृष्णहरि बास्कोटा

*कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनाबर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन् । केही पालिकाले बाँदरलाई कोक्रामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् ।*

**काठमाडौँ ।**
हरेक सिक्काको दुई पाटा हुन्छ भने झैँ सङ्घीय शासन प्रणालीमा उदाएका सात सय ५३ पालिकाले विगत सात वर्षमा थुप्रै राम्रा काम पनि गरेका छन् । यस आलेखमा अन्य पालिकाका लागि अनुसरण गर्न मिल्ने केही प्रमुख अभ्यासको चर्चा गर्ने जमर्को गरिएको छ ।

**कृषि सुधार**
नेपाल कृषि प्रधान देश हो । यसर्थ, नेपालका पालिकाहरुले खाद्यान्न, हरियो तरकार, फलपूmल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । केही पालिकाले 'एक वडा एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको ड्याङ बनाउने मेसिन, धान काट्ने रिपर, पावर टिलर, मिनीट्याक्टरजस्ता उपकरणमा कम्तिमा ५० प्रतिशत अनुदान दिएका छन् । केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन् । कुनै पालिकाले 'एक घर एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनाबर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन् । केही पालिकाले बाँदरलाई कोक्रामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् । यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका बिरुवा वितरण गरेका छन् भने केही पालिकाहरुले आपmनै नर्सरी स्थापना गरेका छन् । केहीले आलु, अलैँची, किबी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाख्रापालन, भैँसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरिद गर्न थालेका छन् । केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन् । केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् । केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन् ।

**पशुपालन विकास**
केही पालिकाले नश्ल सुधार कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले कोरियाली वाच्छी वितरण गरेका छन् । केहीले सुत्केरी गाई र भैंसीलाई भत्ता दिन प्रारम्भ गरेका छन् भने केहीले गाईबस्तुको जन्म, बसाई–सराई र मृत्यु दर्ता तथा गाई गोरु जन्म दर्ता गर्न एप्स तयार गरेका छन् । केहीले छाडा गाईबस्तु नियन्त्रण गरी गौशाला सञ्चालन गरेका छन् भने केहीले पशु बीमा गर्न लाग्ने आधा रकम अनुदान दिएका छन् । केही पालिकाले दूध, घ्यू, छुर्पी र चिजको उत्पादन बढाउन याक वितरण गरेका छन् भने केहीले महिलाको आय बृद्धि गर्न बाख्रा वा कुखुरा वितरण आरम्भ गरेका छन् । कसैले सुङ्गुरका पाठा अनुदानमा वितरण गरेका छन् भने केहीले ब्याडे बोको खरिद गरी पालिकामा ल्याएका छन् । केही पालिकाले गोठालो भत्ता दिएका छन् भने केहीले बेमौसमी घाँसका लागि साइलेस प्रविधि भित्र्याएका छन् ।

**शिक्षामा सुधार**
केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक स्कूललाई नमुना तुल्याएका छन् । केहीले पोलिटेक्निकल इन्स्टिच्यूट स्थापना गरेका छन् केहीले साइन्स ल्याब खडा गरेका छन् । केहीपालिकाले स्कूलमा इ–हाजिरी र सिसी क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन् । केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन् । केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवा खाजा खुवाएका छन् । केही पालिकाले वर्षेनी विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन् । केही पालिकाले उत्कृष्ट अङ्क ल्याउनेलाई डाक्टर पढाएका छन् भने केहीले इन्जिनीयर पढ्न अनुदान दिएका छन् । केहीले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पूर्णरुपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन् । अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गरेका छन् भने कैयौंले स्कूलमा कम्प्यूटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन् । केहीले पालिकाले सबै स्कूलका विद्यार्थीको एउटै पोषाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा इ–लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन् । केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन् । केही पालिकाले स्कूललाई बजारबाट खरिद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन् ।

**स्वास्थ्य सेवा**
पछिल्ला दिनमा अधिकांश पालिकाहरुले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन् । अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन् । केही पालिकाले घरघरमै गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन् । केही पालिकाले चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा वर्थिङ सेण्टर सञ्चालनमा ल्याएका छन् । केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतको अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरिआएका छन् ।




**सुशासन प्रवद्र्धन**
प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन् । प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन् । केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन् । केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधा सम्पन्न भवन निर्माण गरेका छन् । केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आपmना नागरिकको दुर्घटना वीमा गरेका छन् । केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन् । केहीले आफूलाई बेरुजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैत्रभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रर्दशन गरेका छन् । कैयौ पालिकाले आपmनो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौंले अनलाइन सेवा प्रदान गरेका छन् । केही पालिकाले बिहान–बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमै सेवा प्रवाह गरेका छन् ।

महिला विकास
हाल केही स्थानीय तहहरुले अविवाहित महिलालाई पनि बृद्ध भत्ता सरह मासिक रकम दिने घोषणा गरेका छन् भने केहीले धुँवारहित चुल्हो वितरण गरेका छन् । केही पालिकाले गर्भवतीलाई िविभन्न सेवा, सुविधा, भत्ता दिन थालेका छन् भने केहीले प्रसुती भत्ता, प्रसुती कोशेली र बच्चालाई उपहार दिने कार्यक्रम संचालनमा ल्याएका छन् । केही पालिकाले छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले सुत्केरीलाई ३५ दिनभित्र भेटी बच्चाको जन्म दर्ता प्रमाणपत्र दिनुका साथै चिकित्सक सेवा पनि उपलब्ध गराएका छन् । केही पालिकाले बिदूर भत्ता पनि आरम्भ गरेका छन् ।





**ज्येष्ठ नागरिक**
केही पालिकाले ज्येष्ठ नागरिकलाई थर्मस, सिरक, ज्याकेट बाँडेका छन् भने केहीले सम्मान पत्र दिएका छन् । यसैगरी केही पालिकाले ज्येष्ठ नागरिकलाई निःशुल्क यातायातको परिचयपत्र दिएका छन् भने केहीले जेष्ठ नागरिक परिचय पत्र वितरण गरेका छन् । केहीले ज्येष्ठ नागरिकलाई उपचार खर्च दिएका छन् भने केहीले धार्मिक पर्यटनमा लगेका छन् । केहीले बृद्धाश्रम, चौतारो निर्माण गरेका छन् भने केहीले आरोग्य आश्रम बनाएका छन् । केही पालिकाले ज्येष्ठ नागरिकलाई मासिक एक हजर भत्ता थपिदिएका छन् भने केहीले मल्टी भिटामिन वितरण गरेका छन् ।

**वातावरण सुधार**
केही पालिकाहरु फोहोरलाई मोहर बनाउन एकजूट भएका छन् भने केहीले सार्वजनिक स्थानमा बटुवाका लागि डष्टबिनको व्यवस्था गरेका छन् । केहीले पालिकावासीसँग फोहोर खरिद गर्न थालेका छन् भने केहीले कुहिने र नकुहिने फोहरको वर्गीकरण आरम्भ गरेका छन् । केही पालिकाले फोहोरबाट अर्गानिक मल बनाउन थालेका छन् भने केहीले फोहोरलाई रिसाइकल गर्ने प्रयास गरिरहेका छन् । यसैगरी, केही पालिकाले सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा विशेष प्रविधि अपनाएका छन् भने केहीले सिक्का खसालेर पानी पिउन मिल्ने प्रबन्ध गरेका छन् । केहीले विपद् सूचना व्यवस्थापन प्रणाली शुरु गरेका छन् भने केहीले सरसफाइ महाअभियान शुरु गरेका छन् । केही पालिकाले सडकको दुबै किनारामा विरुवा रोपेर हरियाली पालिका घोषणा गरेका छन् भने केहीले पालिकाभित्र प्लाष्टिकको झोला प्रयोग निषेध गर्न कपडाको झोला वितरण गरेका छन् ।

**रोजगारी व्यवस्थापन**
रोजगारीको अबसर जुटाउन केही पालिकाले युवा दस्ता खडा गरेका छन् भने केहीले युवा कार्यदल खडा गरेका छन् । यसैगरी, केहीले रोजगार कार्यक्रम घोषणा र केहीले युवा इलम कार्यक्रम घोषणा गरेका छन् । केही पालिकाले बेरोजगारमुक्त अभियान सञ्चालन गरेका छन् भने केहीले श्रम बैंक शुरु गरेका छन् । यसैगरी, केही पालिकाले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिएका छन् भने केहीले श्रम स्वीकृति जारी गर्ने काम आरम्भ गरेका छन् ।

**बालबालिकाको विकास**
केही पालिकाले बालमैत्री सुशासनमा उत्कृष्ट स्थान हासिल गरेका छन् भने केहीले बालबालिकालाई एक घण्टाको गाउँपालिका अध्यक्ष वा नगर पालिकाको प्रमुख हुने अवसर दिएका छन् । केहीले बालश्रमिकलाई घर फर्काएका छन् भने केहीले बालगृह स्थापना गरेका छन् । केही पालिकाले अनाथ बालकालिकालाई मासिक भत्ता दिन थालेका छन् भने केहीले अनाथको जिम्मा लिएका छन् । केही पालिकाले बाल हित कोष खडा गरेका छन् भने केही पालिकाले बालअधिकारको बहस आरम्भ गरेका छन् ।



**रचनात्मक कार्यहरु**
केही पालिकाले सडक मानवरहित पालिका घोषणा गरेका छन् भने केहीले खरको छानामुक्त पालिका घोषणा गरेका छन् । केहीले खाद्यान्नको राशन कार्ड वितरण गरेका छन् भने केहीले एफएम र साप्ताहिक पत्रिका प्रकाशन आरम्भ गरेका छन् । केहीले पालिकाको स्वरुप नै फेर्ने गुरुयोजना लागू गरेका छन् भने केहीले व्यावसायिक बसपार्क निर्माण गरेका छन् । यसैगरी, केही पालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेका छन् भने केहीले डिजिटल नक्सा पास आरम्भ गरेका छन् । केहीले प्रत्येक वर्ष प्रत्येक वडामा गरिबका लागि एक÷एक घर निर्माण गर्ने अभियान आरम्भ गरेका छन् भने केहीले स्थानीय जडिबुटी सङ्कलन, प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने काम आरम्भ गरेका छन् । केही पालिकाले एकीकृत घुम्ती सेवा सञ्चालन गरेका छन् भने केहीले आफूलाई नमूना पालिका घोषणा गरेका छन् । केही पालिकाले आपmनो लोगो र गान सार्वजनिक गरेका छन् भने केहीले लैगिंक हिंसा निवारण कोष खडा गरेका छन् । केहीले बाल विवाह रोक्न विवाहमा पालिकाको अनुमति अनिवार्य गरेका छन् भने केहीले छोरी आत्मरक्षा र छोरी सुरक्षा कार्यक्रम लागू गरेका छन् । केही पालिकाले मदिरा र सूर्तीको बिक्री निषेध गरेका छन् भने केहीले कृषकले उपयोग गरेको विद्युत्को महशुल तिरी दिएका छन् । यस अतिरिक्त, केही पालिकाले कोशेली घर सञ्चालन गरेका छन् भने केहीले लगानी सम्मेलन गरेका छन् । केही पालिकाले लोक सेवा आयोगको परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् भने केहीले शिक्षक सेवा आयोगको परीक्षाको कक्षा सञ्चालन गरेका छन् । केही पालिकाले टोलटोलमै योजना सम्झौता गर्न थालेका छन् भने केहीले घुम्ती न्यायिक सेवा सञ्चालन गरेका छन् । केही पालिकाले 'वाइफाई फ्री' जोनहरु बनाएका छन् भने केहीले युवाहरुलाई राजनीतिक अभ्यासको तालिम आरम्भ गरेका छन् । केही पालिकाले भ्रमण वर्ष घोषणा गरेका छन् भने केहीले पदयात्राका लागि आह्वान गरेका छन् । केहीले फुटपाथ खाली गराएका छन् भने केहीले इण्डक्सन चुल्हो बाँडेका छन् । केहीले पालिका तारा घोषणा गरेका छन् भने केहीले किसानलाई क्रेडिट कार्ड दिएका छन् । यसरी मुलुकभित्रका ७५३ वटा पालिकाहरुले राम्रा असल अभ्यास आरम्भ गरेका छन् ।

(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)

# नारायणीमा क्रुजसिप पुनःसञ्चालन




**टेकराज केसी**
**नवलपुर ।**
गत असारबाट नारायणी नदी किनारमा बन्द अवस्थामा रहेको नेपालकै पहिलो क्रुजसिप बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ । मनसुन भित्रिएसँग नारायणी नदीमा आएको बाढीका कारण बन्द भएको क्रुजसिप आजदेखि नियमित सञ्चालनमा ल्याइएको राइनो वाटर इन्टरटेनमेन्ट प्रालिले जनाएको छ । प्रालिका कार्यकारी निर्देशक दीपक ढुङ्गेलका अनुसार क्रुजसिप नियमित सञ्चालनमा आएसँगै बिहीबारदेखि दैनिक तीन ‘सिफ्ट’मा यात्रुलाई सेवा प्रदान गरिएको छ । एउटा टिकटमा एक व्यक्तिले एक घण्टा क्रुजमा यात्रा गर्न पाउने उल्लेख गर्दै उनले क्रुजभित्र नै रेष्टुरेन्टसहितको सुविधा भएको जानकारी दिए । ‘दुई घण्टाको फरकमा क्रुजसिपबाट सेवा प्रदान गर्नेछौँ’, उनले भने, ‘क्रुजसिपबाट नियमित सञ्चालन गरिने सेवाका साथै ‘इभेन्ट क्रुज’ र ‘डिनर क्रुज’ पनि सञ्चालन गरिनेछ ।’
सेवाग्राहीको मागअनुसार इभेन्ट क्रुजको सेवा प्रवाह गरिने जनाउँदै उनले यसमा विवाहको पार्टी, जन्मदिन, बैठक तथा सेमिनारलगायतका लागि प्याकेज राखिएको बताए । एकपटकमा एक सय ५० जनासम्मलाई ‘क्रुजिङ’को सेवा प्रदान गर्न सकिने भन्दै उनले म्युजिक भिडियो सुटिङ, फिल्म सुटिङ, फोटोसहितका विभिन्न सेवा पनि क्रुजसीपबाट उपलब्ध गराइने जानकारी दिए । डिनर क्रुज तथा इभेन्ट क्रुजमा सेवाग्राहीको मागअनुसार सेवा सुविधा उपलब्ध गराइने जनाउँदै उनले नियमित क्रुजमा भने रेष्टुरेन्टको सुविधा रहेकाले यात्रुहरुले बजारकै मूल्यमा खाजा तथा पेयपदार्थ पाउने बताए । क्रुजसिप सञ्चालक संस्था राइनो वाटर इन्टरटेनमेन्ट प्रालिका व्यवस्थापक विक्रम बस्यालले क्रुजले हिउँदे ‘अफर’ जारी गर्दै केही समयका लागि यात्रुलाई क्रुजिङको शुल्कसमेत घटाएको बताए ।
उनकाअनुसार क्रुजमा यात्रा गर्नका लागि प्रतिव्यक्ति तीन सय ५० रुपैयाँ शुल्क निर्धारण गरिएको छ भने पाँचदेखि १० वर्षसम्मका बालबालिकाका लागि यो शुल्क दुई सय रुपैयाँ तोकिएको छ । ‘पाँच वर्षमुनिका बालबालिका तथा ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई भने क्रुजसिपले आफ्नो नियमति क्रुजिङमा निःशुल्क सेवा उपलब्ध गराउनेछ’, बस्यालले भने । विसं २०७९ माघ १ गतेदेखि सञ्चालनमा आएको क्रुजसिप नेपालकै पहिलो र एकमात्र क्रुजसिप भएको बस्यालको भनाइ छ । उनका अनुसार क्रुजसिप सञ्चालन भएकै वर्ष नेपालको पूर्वदेखि पश्चिमसम्मका यात्रुले सेवा लिएका छन् । गएको याममा प्रतिदिन सरदर एक सय ५० जनाले क्रुजसिपमा यात्रा गर्ने गरेको बस्यालले जानकारी दिए । दुई तला र एउटा तीन सय ६० डिग्री अवलोकन स्थल रहेको क्रुजको पहिलो तल्लामा कार्यक्रम गर्ने मञ्चसहितको ६० जना क्षमता रहेको बस्यालले बताए । उनका अनुसार क्रुजको दोस्रो तल्लामा ८० जना क्षमता तथा तीन सय ६० डिग्री अवलोकन स्थलमा १० जना अटाउने क्षमता रहेको छ । क्रुजसिप सञ्चालनका लागि कम्पनीले पवित्र धार्मिकस्थल देवघाटबाट गोलाघाटसम्मको अनुमति पाएको भए पनि अहिले एकतर्फी एक किलोमिटर मात्रै सञ्चालन हुँदै आएको छ । नारायणी नदीमा बग्ने पानीले गरेको धार परिवर्तनका कारण तथा नदीजन्य पदार्थ उत्खनन्का लागि क्रुजसिपले आफ्नो पूरा क्षमतामा यात्रा गराउन नसकेको कार्यकारी निर्देशक ढुङ्गेलले बताए । भरतपुर महानगरपालिका–१६ को काप्रेघाटमा स्टेशन रहेको क्रुजसिप सञ्चालनपछि नवलपुर र चितवनको पर्यटन प्रवद्र्धन हुँदै आएको होटल व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष दिनेशकुमार चुकेले बताए । अहिले सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष भनेर घोषणा गरिएको अवस्थामा पुनःसञ्चालनमा आएको क्रुजसिपले नवलपुरमा समेत पर्यटकलाई आकर्षण गर्न भूमिका खेल्ने उनको भनाइ छ । नारायणी नदीलाई एकै ठाउँबाट बग्ने वातावरण सिर्जना गरेर क्रुजसिपलाई देवघाटदेखि गोलाघाटसम्म नै सञ्चालन गराउने सकेमा नवलपुर, चितवन र तनहुँको धार्मिक तथा जल पर्यटनमा कायापलट हुने चुकेको भनाइ छ । नवलपुरको गैँडाकोटमा रहेको नारायणी रिसोर्टका सञ्चालक वसन्त पराजुलीले क्रुजसिपका कारण नदी किनारका होटल व्यवसायमा पर्यटकको सङ्ख्यामा वृद्धि हुने बताए । ‘यसअघि क्रुज सञ्चालन हुँदा पनि क्रुजमा यात्रा गर्ने मानिस हाम्रा होटलमा आएर बस्ने गर्नुहुन्थ्यो’, उनले भने, ‘क्रुजसिप नारायणी नदीमा सञ्चालन हुने कारण यसले चितवनको मात्रै नभएर नवलपुरको पर्यटन प्रवद्र्धनमा समेत ठूलो सहयोग पु¥याएको हामीले पाएका छौँ ।’

# बङ्गलादेशमा बालविवाह ३९ प्रतिशत वृद्धि



**सिन्हा**
**ढाका ।**
अन्तरराष्ट्रिय उद्धार समिति (आईआरसी)ले बुधबार सार्वजनिक गरेको अध्ययनले बङ्गलादेशमा बालविवाहमा ३९ प्रतिशतले बृद्धि भएको खुलासा गरेको छ । अत्यधिक प्रकोप–प्रवण र जलवायु–संवेदनशील तटीय क्षेत्रहरूमा हुने गरेका बालविवाहमा ३९ प्रतिशतले बृद्धि भएको तथ्याङ्क देखिएको छ । बङ्गलादेशका थुप्रै तटीय समुदायमा जलवायु परिवर्तनको प्रभावमा जबरजस्ती बसाइँसराइ, चरम गरिबी, बढ्दो लैङ्गिक हिंसा, शिक्षामा सीमित पहुँच र खाद्य सुरक्षा चुनौतीलगायतका कारणले बालविवाह गर्न वाध्यता सृजना भएको आईआरसीले उल्लेख गरेको छ । अध्ययनले विगत दुई दशकमा बाढी र चक्रवातजस्ता प्रकोपमा भएको बृद्धि पनि बढ्दो बालविवाहको एक प्रमुख कारण मानेको छ । यस्ता विभिन्न किसिमका कारणहरू सृजित समस्याहरुलाई सम्बोधन गर्न आईआरसीले विकसित स्थितिको मूल्याङ्कन गरिरहेको र जलवायु परिवर्तन र जलवायु–प्रेरित प्रकोपहरूबाट बालबालिकालाई हुन सक्ने प्रत्यक्ष क्षतिबाट जोगाउन उपलब्ध स्रोतसमेत परिचालन गरिरहेको बताएको छ । आईआरसी बङ्गलादेशकी निर्देशक हसिना रहमानले भनेकी छन्, ‘आज बङ्गलादेशमा विवाह योग्य उमेर हुँदै गरेका आधा केटीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गरेको पाइएको छ भने २२ प्रतिशत केटीहरूको १५ वर्षको उमेर अघि नै विवाह हुने गरेको पाइएको छ ।’ ‘यद्यपि, खाद्य असुरक्षा र गरिबी, अनियमित वर्षाको ढाँचा, बढ्दो तापक्रम, र बढ्दो आवृत्ति र प्रकोपहरूको तीव्रताको सामना गरिरहेका तटीय क्षेत्रहरूमा बस्ने केटीहरूको लागि यो अवस्था अझ बढी अस्थिर र दर्दनाक छ’ निर्देशकले भनेका छन् । यसैबीच आईआरसीले जलवायु परिवर्तन सृजित समस्याहरूलाई सम्बोधन गर्न दिगो कोष स्थापना गर्न र यस जटिल सङ्कटलाई सम्बोधन गर्न सरकार, दाता र गैरसरकारी संस्थाहरूबाट तत्काल सहयोगको लागि आह्वानसमेत गरेको छ ।

# अग्रता जोगाउन नसक्दा चितवनको बराबरी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सुपर लिग (एनएसएल)मा बिहीबार चितवनले बुटवल लुम्बिनीसँग बराबरी खेलेको छ । प्राप्त अग्रतालाई जोगाउन नसक्दा चितवनले बुटवलसँग १–१ गोलको बराबरी खेल्दै अंक बाँडेको हो । खेलको इन्जुरी समयको पहिलो मिनेटमा स्टेफन समिर बियोङले गोल गर्दै बुटवललाई एक अंक दिलाउन सफल रहे । मणी लामाले निकालेको पासमा चितवनका डिफेन्डरको बीचबाट बियोङले चलाखीपूर्ण गोल गर्न सफल रहे ।
जुन गोलमा चितवनका डिफेन्डर र गोलकिपरको समन्वयको अभावले समेत सहयोग गर्यो । पहिलो हाफ बराबरीमा सकिएको खेलमा अग्रता भने चितवनले उत्सव राईको गोलमा लिएको थियो । दोस्रो हाफ सुरु भएको तेस्रो मिनेटमा उत्सवले लामो दुरीबाट प्रहार गरेको बल पोस्ट भित्र छिरेको थियो । बुटवलका गोलकिपर मोहमदुको कमजोर किपिङमा उत्सवको प्रहारले जाली चुमेको थियो । खेलको अन्तिम समयमा बियोङले गोल गर्दै बुटवललाई महत्वपुर्ण एक अंक दिलाउन सफल रहे । दोस्रो हाफमा सुधारिएको प्रर्दशन गरेको बुटवलका केही राम्रा अवसर गोलमा परिणत हुन सकेका थिएनन् । बुटवलले चार खेलबाट ४ अंक जोडेको छ । चितवनले चार खेलबाट ५ अंक जोडेको छ ।

# एउटै गाउँबाट साढे दुई करोडको आलुको बीउ बिक्री




**रासस**
**गल्याङ ।**
स्याङ्जाको गल्याङ नगरपालिका–११ जिमुहाँस्थित जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडबाट यो वर्ष दुई करोड ६० लाख रुपैयाँको आलुको बीउ निर्यात भएको छ । जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडका अध्यक्ष रुमलाल कँडेलले दुइ सय ८४ जना कृषकले भण्डारण गरेको चार सय टन आलुको बीउ निर्यात गरेको जानकारी दिए । जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेडमा दुई सय ८४ जना सक्रिय कृषकसहित पाँच सय चार जना अन्य सेयर सदस्य आबद्ध छन् । गत वर्ष खानेसहित बीउ आलु सात सय टन निर्यात भएको बताए । ‘यहाँ उत्पादित आलुको बीउ स्याङ्जासहित, पाल्पा, पर्वत, गुल्मी, बागलुङ, म्याग्दी, कास्की, लमजुङ, खोरखा, रुपन्देही, अर्घाखाँची, तनहुँलगायत जिल्लाका कृषि ज्ञान केन्द्रले खरिद गरेका छन्’, अध्यक्ष कँडेलले भने, ‘यी बाहेक अन्य जिल्लाका करिब ३० पालिकामा बीउ आलु निर्यात गरेका छौँ, आलुको गुणस्तर राम्रो भएकाले जातअनुसार ६५ देखि ७० टन सम्म सजिलै बिक्री भएको छ ।’
यहाँ डेढ सय हेक्टर क्षेत्रफलमा खुमल रातो, मुखल उज्ज्वल, जनकदेव, एनएस दशमलव तीन, कार्डिलगायत राष्ट्रिय आलुबाली अनुसन्धान केन्द्रले अनुमोदन गरेका आलु उत्पादिन गरिन्छ । उनले आलु उत्पादक किसान भेला भएर बर्सेनि खाने र बीउ आलुको मूल्य निर्धारण भएपछि बजारमा पठाउने बताए । ‘सहकारीले बजारीकरणमा सहयोग गर्ने भएपछि यहाँका किसान आलु उत्पादनमा हौसिएका छन्’, कँडेलले भने, ‘आलुको गुणस्तर राम्रो भएकाले आलु खोसाखोस हुन्छ, माग धान्नै सकिँदैन ।’ ‘जिमुहाँको मुख्य पेसा आलु उत्पादन हो, आलु उत्पादन गरेका यहाँका प्रत्येक परिवार आत्मनिर्भर छन्’, उनले भने, ‘आलु र सागसब्जी फलाएर एकल महिलाले पनि वार्षिक पाँच लाख रुपैयाँसम्म कमाउने गरेका छन् । अध्यक्ष कँडेलका अनुसार यहाँ तीन सय किलोदेखि ४० टनसम्म आलु उत्पादन गर्ने कषक छन् ।
स्थानीय ७१ वर्षीय कृषक ज्योतिलाल ढकालले जिमुहाँमा सिँचाइ सुविधा आएदेखि बसाइँसराइ रोकिएको बताए । उनले यहाँका सामान्य परिवारले पनि आलु र अन्य सागसब्जी उत्पादन गरेर सजिलोसँग जीवनयापन गरिरहेको दाबी गरे । ‘यहाँ पानीको सुविस्ता भएदेखि मैले पनि तरकारी उत्पादन गरेर घर चलाएको छु, छोराछोरी काठमाडौँ पोखरा बसेर पढेका छन्’, उनले भने, ‘दूध बेचेर मासिक २५ देखि ३० हजार रुपैयाँ कमाइ हुन्छ, सागसब्जी बेचेर पनि राम्रो कमाइ गरेका छौँ ।’ शीतभण्डारमा प्राविधिकको काम गर्दै आएका नारायण अधिकारीले शीतभण्डार सञ्चालनपछि धेरैको जीवन फेरिएको बताए । ‘शीतभण्डार नहुँदा पोखरा, बुटवललगायतको शीतभण्डारमा महँगो मूल्यमा आलु भण्डारण गर्न लैजानुपर्ने बाध्यता थियो’, उनले भने, ‘अहिले यहाँको शीतभण्डारमा कृषिउपज भण्डार गरेर उपयुक्त मूल्य पाउने समयमा बिक्री गर्दा धेरैलाई फाइदा भएको छ ।’ अधिकारीले शीतभण्डारमा सामान्य समस्या आए पनि ‘स्टक एसी’ भएकाले कृषि उपज नबिग्रने बताए । अध्यक्ष कंडेलका अनुसार यो वष सहकारीले १२ लाख ८३ हजार रुपैयाँ आम्दानी गरेको छ । ‘कार्यालय सञ्चालन, कर्मचारी, विद्युत्, ढुवानीलगायतमा वार्षिक सात लाख रुपैयाँ खर्च हुन्छ’, उनले भने, ‘शेयर धनीलाई पहिलोपटक आठ लाख रुपैयाँ र दोस्रो पटक चार लाख रुपैयाँ मुनाफा वितरण गर्‍यौँ ।’
कँडेलले यसअघिको स्थानीय सरकारले १० लाख रुपैयाँको जेनेरेटर, १० लाख रुपैयाँमा कार्यालय भवन निर्माण गरिदिएको बताए । तर अहिलेको सरकारले कुनै पनि सहयोग नगरेको उनको गुनासो छ । नगरपालिकासँग विद्युत् महसुलमा छुट गरिदिन र नयाँ शीतभण्डारका लागि टाँड निर्माण गरिदिन कँडेलको आग्रह छ ।
जिमुहाँ शीतभण्डार सहकारीका एक करोड १८ लाख रुपैयाँ र एक करोड ५२ लाखका एकसय ५० टन क्षमताका दुई छुट्टाछुट्टै शीतभण्डार छन् । यहाँ आलु भण्डारका लागि छिमेकी जिल्ला पाल्पाका कृषक पनि आउने गरेका छन् । यहाँ कृषिउपज भण्डारण गर्दा सहकारीले प्रति किलोको सात रुपैयाँ लिने गरेको छ । जिमुहाँ शीतभण्डार सहकारी संस्था लिमिटेड २०७५ सालमा स्थापना भएको हो ।

# विदेशको जागिर छाडेर बाख्रा र माहुरीपालन



**रासस**
**बागुलङ ।**
नेपालमा धेरै युवा सम्भावना नभएर परदेश गएका सन्दर्भमा यहाँका ३६ वर्षीय युवा विदेशको राम्रो जागिर छाडेर नेपालमै पशु तथा मौरीपालनमा लागेका छन् । बागलुङको बडिगाड गाउँपालिका–१ दगा निवासी मतिलाल वनले सात वर्षअघि १० लाख रुपैयाँ लागतमा बाख्रापालन थालेका थिए । पढेलेखेका युवा जागिर खाने र विदेशमा रोजगारीका लागि पुग्ने परम्परालाई चिर्दै वन गाउँमै उद्यम गर्ने अठोट मात्रै गरेनन् विदेशको राम्रो जागिर छाडेर सात वर्षअघि स्वदेश फर्किएका थिए । गिरभन्दा उद्यममा सम्भावना देखेका वनले बाख्रा र मौरीपालनबाट मनग्य आम्दानीसमेत गर्दै आएका छन् । भारतमा पुगेर बजारीकरण विषयमा स्नातकोत्तर पास गरेका उनी बजारीकरण क्षेत्रबाटै मलेसियासमेत पुगेका थिए । तीन वर्षको मलेसिया बसाइँ छाडेर गाउँमै कृषि गर्ने उद्देश्यले वन नेपाल फर्किएका थिए । सात वर्षअघि मात्रै १० लाख रुपैयाँ लागतमा बाख्रा र मौरीपालन थालेका वन अहिले मनग्य आम्दानी गर्न सफल भएका छन् । धर्मराज बाख्रा फार्म र पुष्पा मौरी फार्म गरी दुई वटा नाममा फार्म सञ्चालन गर्दै आएका उनको बाख्रा फार्ममा एक सय ५० बाख्रा, बोका र पाठापाठी रहेका छन् भने ६० वटा मौरीका घार रहेका छन् । ‘बुबा भारतमै हुनुहुन्थ्यो, एसएलसी पासपछि भारत गए, उतै बजारीकरण विषयमा डिग्री हासिल गरे, उतैबाट मलेसिया पुगे’, वनले भने, ‘मासिक तीन लाख रुपैयाँ आम्दानी हुने जागिर मलेसियामा तीन वर्ष गरे, केही रकम जम्मा गरेर गाउँ फर्कने निधो गरे, सात वर्षअघि पुर्खाले परम्परागतरुपमा गर्दै आएको बाख्रापालन र मौरीपालनलाई व्यवसायीकरण गर्न थाले, अहिले वार्षिक १५ लाख रुपैयाँसम्मको बाख्रा र मौरीबाट कारोबार गर्दछु ।’ उनले मौरीपालन र बाख्रा फार्म दर्ता गरेर दुई फार्मको मालिक बन्न सफल भएको जनाउँदै वार्षिक छ देखि आठ लाख रुपैयाँसम्म बचत गर्न सफल भएको बताए । पढेलेखेकाभन्दा नपढेकाले मात्रै गर्ने कृषि पेसालाई विस्तारै पढेलेखेकाले अगाल्दा बढी सफल हुने उनको भनाइ छ । उनले पढेलेखेकाले खाने सरकारी जागिरभन्दा मौरीपालन र बाख्रापालनबाट बढी रकम कमाउन थालेको र अन्य युवाले समेत उद्यममा लगानी गर्न आवश्यक रहेको बताए । ‘भारतमै ठूलो कम्पनीको मार्केटिङ जनरल म्यानेजेर थिए, मलेसिया पुगेर त मासिक तीन लाख रुपैयाँ कमाइ हुने जागिर खाए सात वर्षअघि तर नेपालमा नै केही गर्न पर्दछ भनेर लागी परे’, उनले भने, ‘बाख्रापालन व्यवसायभन्दा मौरीपालनबाट धेरै आम्दानी गर्न सकिने अनुभव सँगालेको छु, अहिले बाख्राबाट आफ्नो मेहनतसहित २० देखि ३० प्रतिशत र मौरीपालनबाट ६० प्रतिशत खुद नाफा गर्न सकिने रहेछ ।’ हाल पूर्वाधार, खोर, मौरीका घार र बाख्रासहित झण्डै ६० लाख रुपैयाँको पुँजी जम्मा भएको उनको भनाइ छ । कमाइ भएको केही प्रतिशत पुँजी वृद्धिमा हाल्दै आएको र अन्य रकम बचत गर्ने गरेको वनले बताए । राज्यले अनुदान दिने नीति सुधार्न आवश्यक रहेको जनाउँदै वनले ५० प्रतिशत अनुदानले किसान झनै समस्यामा परेको बताए । उनले १० लाख रुपैयाँ लगानी गरेको खोरमा पाँच लाख रुपैयाँ राज्यले दिँदा आफ्नो लगानी उठाउन धेरै समय लागेको जानकारी दिँदै असली किसानलाई शतप्रतिशत अनुदान दिनुपर्ने बताए । नेपाल सरकारबाट शून्य ब्याजदरमा १५ लाख ऋण ल्याएको जनाउँदै ऋणले आफूलाई ठूलो राहत पुगेको उनको भनाई छ । अहिले वनको फार्ममा यती सेरेना जातको मौरी रहेका छन् भने खरीजात, जमुनापारी, बोयर क्रसजातका बाख्रा रहेका छन् । उनले मौरीको महलाई प्रतिकिलो एक हजार दुई सय रुपैयाँमा बिक्री गर्दै आएका छन् । उत्पादन भएको मौरी र बोकालाई बजारको अभाव भने नभएको उनले बताए । वनको फार्ममा बाबा, आमा, श्रीमतीले समेत सहयोग गरिरहेका छन् ।
बाख्रापालनका लागि स्थानीय घाँस एक सय रोपनीमा रहेको छ भने ३० रोपनी जग्गामा आधुनिक प्रजातिको घाँसखेती गरिएको छ ।

# नगरपालिकाले सामूहिक विवाह गरिदिने

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको मनरा शिसवा नगरपालिकाले नगरक्षेत्रभित्रका आर्थिक अवस्था कमजोर भएका तथा विपन्न परिवारका छोराछोरीको सामूहिक विवाह गरिदिने भएको छ । नगरभित्र अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर भएकाले उनीहरुका छोराछोरीको निःशुल्क सामूहिक विवाह गरिदिने पालिका कार्यालयले जनाएको छ । नगर प्रमुख मोहन पाण्डेयले आफ्नो नगरक्षेत्रभित्र गरिब तथा विपन्न परिवारको बाहुल्यता बढी रहेकाले उनीहरुका छोराछोरीको विवाह लाग्ने खर्च नगरपालिकाले दिने गरी 'सामूहिक विवाह'को योजना ल्याइएको बताए ।
नेपाल सरकारले विवाह गर्न मान्यता दिएको उमेर (२० वर्ष) पुगेका, आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीलाई नगरपालिकाले निःशुल्क रुपमा विवाह गरिदिन उनको भनाइ छ । मनरा शिसवा नगरपालिकाले ११औं नगरसभाबाट नगरक्षेत्रका इच्छुक, उमेर पुगेका, गरिब तथा विपन्न परिवारका बरबधुलाई सामूहिक विवाह सम्बन्धी योजना नै पारित गरेको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत माधवेन्द्र चौधरीले जानकारी दिए ।
मङ्सिर महिनाभित्र नगरपालिकाको प्रत्येक वडामा विवाह गर्न इच्छुक परिवारलाई वडा कार्यालय वा नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन दर्ता गराउन अभियान चलाइएको चौधरीले बताए । निवेदन दर्ता भइसकेपछि पालिकाले विवाहको मिति तोकेर एक्कैचोटी एउटै मण्डपमा सबै दुलाहादुलहीको विवाह गरिदिने कार्यक्रम रहेको उनले जानकारी दिए ।

# जनकपुरधाममा सांस्कृतिक गाउँ

**मधेशदृष्टि**
**महेन्द्रनगर ।**
जनकपुरधाम क्षेत्रमा पहिलो पटक जङ्गलको मज्जा दिने गरी 'कल्चरल भिलेज' सञ्चालनमा आएको छ ।
जनकपुरधामदेखि धनुषाधाम जाने बाटोमा मिथिलेश्वर मौवाहीस्थित'कल्चरल भिलेज' सञ्चालनमा आउने भएको हो ।
जनकपुरधामदेखि उत्तर पूर्व १२ किलोमिटरको दुरीमा रहेको मिथिला विहारी नगरपालिका–२ पुरनदहास्थित भिलेज रहेको छ ।
जनकपुर–धनुषाधाम सडकखण्डस्थित पक्की सडकमै मिथिलेश्वर चोकदेखि पश्चिम रिसोर्ट खालको कल्चरल भिलेज सञ्चालनमा ल्याइएको सञ्चालक देवनारायण मण्डलले बताए ।
'जहाँ अतित वर्तमानसँग मिल्छ' नारासहित सहरमा बसोबास गर्ने व्यक्तिको पुनर्ताजगीका लागि कल्चरल भिलेज उत्तम स्थान हुने सञ्चालक मण्डल बताउँछन् ।
उनले भने, 'सहरमा बसोबास



गर्ने परिवारले गाउँ तर्फ आउँदा, धार्मिकस्थल घुमघामका लागि आउँदा पुरानो रीतिरिवाज, परम्परा पुरानो स्वाद र ब्यञ्जनको मज्जा यसमै लिन सकिन्छ ।'
कल्चरल भिलेजमा ठूला पोखरी, रिसोर्ट, बागवानी, तरकारी, सभाहल, बगैँचासहित राति बास बस्नका लागि फुसकै घरमा उत्तम सुविधा पाइने उनले बताए ।
कल्चरल भिलेजमा जाने अतिथिका लागि पोखरीमा आफैँ बल्छीले माछा मारेर आफैँ बनाउन सकिने, 'क्याम्प फायर' बालेर पार्टी गर्न सकिने, शाकाहारी र मांसाहारीका लागि अलग–अलग क्याम्पको व्यवस्था गरिएको सञ्चालक मण्डलले बताए । यससँगै राति बास बस्ने अतिथिको आग्रहमा झिझिया नाच, झरीलगायतका नाचगान पनि देखाइने मण्डल बताउँछन् ।
मण्डलका अनुसार कम्तीमा १० जना अतिथि भए नाचगानको व्यवस्था गरिनेछ । त्यसका लागि चारैतर्फ बत्ती जडान गरी नाचगानको बेग्लै स्थल पनि बनाइएको हो । बिचमा नाचगान हुने तथा चारैतर्फ अतिथि बसेर सांस्कृतिक कार्यक्रमको आनन्द लिन सकिने बताइएको छ ।
कल्चरल भिलेजमा जाने अतिथिका लागि रिसोर्टभित्रै लगाइएको जैविक खेतीको तरकारी, दाल र अन्य परिकार खान पाउने सञ्चालक मण्डल बताउँछन् ।
शाकाहारीका लागि दाल, भात, अचार, पापड, तिलौरी, तिसौरी, बिरियाको तरकारी, कुम्हरौरीको तरकारी, अदौरीको तरकारी, पुदिनाको अचार, धनियाँको चटनीसहित अतिथिको मागका आधारमा खाना तयार गरिने सञ्चालक मण्डलले बताए । मांसाहारी अतिथिका लागि भने बेग्लै व्यवस्था गरिएको छ ।
मण्डलका अनुसार कल्चरल भिलेजभित्रै सम्पूर्ण सामान पनि पाइने भएकाले अतिथिले आफैँ कुनै परिकार बनाउन चाहेमा बनाउन सकिने उनी बताउँछन् । त्यसबापत अतिथिले सामानको मात्र शुल्क तिर्नुपर्ने छ । कल्चरल भिलेजभित्रै झुला, पिङ, म्युजियम पनि सजाउन लागिएको जनाइएको छ ।
कल्चरल भिलेजमा चिया, कफी, छनकाका लागि माटोका भाँडा प्रयोग हुने उनीले बताए ।
सञ्चालक मण्डलले भने, 'शीतल जल भनिने घैंटाको पानी अतिथिले रुचाएअनुसार खान सकिने छ ।' उनले बाहिरबाट आउने अतिथिका लागि बैलगाडामा गाउँ घुमाउने रोचक हुने बताए । मण्डलका अनुसार खास व्यावसायिक व्यक्ति र परिवारका लागि स्थान उत्तम हुने छ । भित्रै सञ्चालन गरिएको रेष्टुरेन्टमा आफूखुसी परिकार पाइने जनाइएको छ । नयाँ वर्ष २०२४ का लागि तयारी सुरु अङ्ग्रेजी नयाँ वर्ष २०२४ का लागि काम धमाधम सुरु भएको छ ।
सञ्चालक मण्डलले बाहिरबाट पिकनिक मनाउन आउने अतिथिका लागि पोखरीको डिल, खेत, गोहिया पनि उपलब्ध गराइने बताए । पिकनिक मनाउनका लागि अन्य विभिन्न स्थानमा जानुभन्दा यसभित्रै जङ्गलको आनन्द लिन सकिने र अतिथि राति बास बसेमा बिहानै विभिन्न चराचुरुङ्गी पनि देखाउने व्यवस्था मिलाइएको उनी बताउँछन् । कल्चरल भिलेजभित्रै केरा, अम्बा, अङ्गुर, आँप, ड्रागन फ्रुट लगायतका फलफूल लगाएकाले ताजा फलको पनि स्वाद लिन सकिने उनले बताए ।
सञ्चालक मण्डलका अनुसार जनकपुर घुम्न आउने पर्यटक र जनकपुरबाट धनुषाधाम घुम्न जाने पर्यटकले कल्चरल भिलेजभित्रै अनेकौँ स्वाद चाख्न पाउने छन् ।

# एनसेल प्रकरण अध्ययन गर्न समिति गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले एनसेलको शेयर खरिदबिक्रीका सम्बन्धमा अध्ययन गर्न ५ सदस्यीय उच्चस्तरीय समिति गठन गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वमहालेखा परीक्षक टंकमणि शर्माको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारकी प्रवक्ता रेखा शर्माले बताइन् । उनकाअनुसार सरकारले समितिको सस्यहरुमा नेपाल सरकारका सचिव फणिन्द्र गौतम, सहसचिव बाबुराम भण्डारी, सहसचिव हृदयेशकुमार शाक्य, आइक्यानका अध्यक्ष सुजनकुमार काफ्ले रहेका छन् । समितिलाई ३० दिनको कार्यावधि दिइएको पनि मन्त्री शर्माले बताइन् । त्यस्तै सरकारले विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक उद्धार कार्यक्रम पहिलो चरणका लागि प्राप्त सहायता सम्बन्धी वार्ता गर्नका लागि अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्न अख्तियारी दिने निर्णयसमेत गरेको छ ।
प्रवक्ता शर्माका अनुसार सरकारले खानेपानी तथा महशुल निर्धारण आयोगको रिक्त अध्यक्ष पदमा रुद्रप्रसाद गौतमलाई र सदस्य पदमा यशोदा कार्की र कुलभुषण शर्मालाई नियुक्त गर्ने निर्णय पनि गरेको छ ।

# हेटौँडा–काठमाडौँ जोड्ने सडक बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हेटौँडालाई काठमाडौँसँग जोड्ने सवैभन्दा छोटो दुरीको महालक्ष्मीखोला–चखेल–देउराली–मातातीर्थ–सतुङ्गल सडक एक महिनाका लागि बन्द भएको छ ।
मकवानपुर र काठमाण्डौको दुवैतर्फ सडक स्तरोन्नतिको काम भइरहेकाले बिहीबारदेखि एक महिनाका लागि गाडीको आवागमन बन्द गरिएको हो ।
मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–५ का वडाध्यक्ष दूतराज तितुङले दुवैतर्फ सडक स्तरोन्नतिको काम भइरहेकाले निर्धारित समयभित्र सडक बनाउन आवागमन बन्द गरिएको जानकारी दिए ।
हेटौँडा–काठमाण्डौ आवत–जावत गर्ने जीपलगायतका साना गाडीको चाप धेरै हुँदा काममा अवरोध पुग्ने भन्दै उनले सडक स्तरोन्नति कार्य निर्धारित समय भित्र सम्पन्न गर्न आउँदो पुस २१ गतेसम्मका लागि गाडीको आवतजावत बन्द गरिएको बताए । काठमाण्डौतर्फ मोडहरूमा ढलान र मकवानपुरतर्फ पाटीचौर आसपासमा सडक चौडा गर्नुपर्ने भएकाले आवागमन बन्द गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।
सडक प्रदेश सरकारमार्फत स्तरोन्नतिको काम भइरहेको हो ।
दुवै सडकखण्ड बनाउन निर्माण कम्पनीसँग १८ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पछिल्लो समय म्याद थप भएको समयमा पनि काम पूरा भएको छैन ।

# 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रम शुभारम्भ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रमको शुभारम्भ गरिएको छ । मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा गरिएको एक कार्यक्रमका बीच 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रमको शुभारम्भ गरिएको हो ।
मन्त्रालयको समन्वयमा प्रदेशको ६ जिल्लाका १२ वटा पालिकामा सञ्चालन हुने यो कार्यक्रमलाई युरोपियन युनियन तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरू युएनएफपिए, आइएलओ, युएन वुमन र युनिसेफले प्राविधिक सहयोग गरेका छन् ।
संयुक्त कार्यक्रमलाई मधेश प्रदेशमा स्वागत गर्दै मधेश प्रदेश सभाका महिला बालबालिका तथा सामाजिक न्याय समितिका सभापति माननिय रुपा कुमारी यादवले मधेशमा महिला हिंसाको घटना बढिरहेकोले यसलाइ नियन्त्रण गर्न प्रदेश सरकारले विधेयक ल्याउन लागेको बताइन् ।
साथै उनले सरकारी जागिरमा महिलालाई ५० प्रतिशत आरक्षणको व्यवस्था गर्ने योजना पनि बनाउन लागेको जानकारी दिइन् । त्यस्तै कार्यक्रमका अध्यक्ष तथा मधेश प्रदेशका खेलकुद तथा सामाज कल्याण मन्त्रालयका सचिव चुडामणि फुयाँलले धन्यवाद ज्ञापन गर्दै मधेशमा शिक्षा कमजोर नभएको र शिक्षित नयाँ पुस्ता आएपछि महिला हिंसाका समस्या पनि नियन्त्रण हुँदै जाने आशा व्यक्त गरे ।
कार्यक्रममा बोल्दै युएन वुमनका राष्ट्रिय प्रतिनिधी प्याट्रिसिया फर्नान्डेज–पचेकोले कार्यक्रमले मधेश प्रदेश सरकार र स्थानीय सरकारहरूसँग संयुक्त राष्ट्रसंघ र युरोपियन युनियनको घनिष्ठ सहकार्यका लागि बलियो आधारको रूपमा काम गर्ने आशा व्यक्त गरिन् ।
युरोपियन युनियनका डेप्युटी हेड अफ कोअपरेसन, ईलोईजा आस्टुडिलोले महिला सशक्तिकरणका लागि लामो समय लाग्ने भएकाले अहिलेदेखि नै सबै मिलेर यसमा लाग्नुपर्ने धारणा राखिन् ।
सशक्त महिला समृद्ध नेपाल कार्यक्रम मधेश प्रदेशको जनकपुरधाम उप–महानगरपालिका, नवराजपुर गाउँपालिका, सिराहा नगरपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, नगराईन नगरपालिका, बौधीमाई नगरपालिका, यमुनामाई गाउँपालिका, बिन्दबासिनी गाउँपालिका, पकाहा मैनपुर गाउँपालिका, वीरगंज महानगरपालिका, आदर्श कोतवाल गाउँपालिका गरि १२ वटा स्थानीय तहहरूमा सञ्चालन गरिनेछ ।

# औषधी पसलमा अनुगमन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा औषधी व्यवस्था विभागले औषधि पसलहरुमा अनुगमन थालेको छ । विभागले अनुगमन थालेसंगै औषधि पसल चलाउँदै आएका अधिकांश औषधी पसल संचालकहरुले पसल बन्द राखेका थिए ।
विभागको शाखा कार्यालय वीरगंजका अधिकृत मुकेन्द्र पञ्जियार नेतृत्वमा अनुगमनका लागि आएको तीन दिनदेखि औषधी पसल तथा फार्मेसीहरुको अनुगमन गर्दै आईरहेको छ । दर्ता बिनै सञ्चालित अधिकांश औषधि पसल सञ्चालक पसल बन्द गरी भागेको विभागको वीरगंज शाखाका फार्मेसी अधिकृत सर्फराज अहमद खानले बताए । उनका अनुसार हस्पिटलको फार्मेसी, हलसेल फार्मेसी र औषधी पसल गरी ६५ स्थानमा अनुगमन गरिएको छ । जसमा अधिकांश अस्पतालहरुमा आफ्नो फार्मेसी नरहेको र सटर भाडामा दिएर बाहिरका व्यक्तिले सञ्चालन गरको पाइएको छ ।

# अनलाइनमार्फत नै श्रम स्वीकृति लिन आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वैदेशिक रोजगार विभागले अनलाइनमार्फत नै श्रम स्वीकृति लिन आग्रह गरेको छ । श्रम स्वीकृतिको काम पूर्ण रूपमा अनलाइनमार्फत हुँदै आएको भन्दै विभागले अनलाइनमार्फत नै लिन अनुरोध गरेको हो ।
यस्तै श्रम स्वीकृति नभइ हवाई टिकट नलिन पनि विभागको आग्रह छ । वैदेशिक रोजगार व्यवस्थापन प्रणाली (फेमिस) मार्फत अनलाइनबाट घरबाटै सेवा प्राप्त हुने गरी व्यवस्था मिलाइएको भन्दै विभागले कार्यालयमा भौतिक रुपमा उपस्थित नहुन भनेको हो । केही दिनअघिसम्म फेमिसमा समस्या आएपछि श्रम स्वीकृति लिन भौतिक रूपमै कार्यालय पुग्नेको भिड लाग्ने गरेको थियो ।
अहिले फेमिसमा देखिएको समस्या समाधान भइसकेको भन्दै विभागले कार्यालयमा नआएर अनलाइनबाटै श्रम स्वीकृति लिन अनुरोध गरेको हो । उपलब्ध जनशक्तिको आधारमा दैनिक टोकन खुला गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको भन्दै विभागले टोकन प्राप्त गरेको मिति र समयबाट प्राविधिक कारणले सम्भव भएसम्म ७२ घण्टाभित्र अनलाइन रूपमा श्रम स्वीकृति सम्बन्धी सेवा दिने प्रतिबद्धता पनि जनाएको छ ।


## प्रेस विज्ञप्ति




**२०८० मंसिर ६ गते र १५ गते बुधबार स्थानीय एक सञ्चार माध्यममा *'बितेको सोमबारदेखि बाबुलाल चाचान लगायतका उद्योगीहरुले सिर्सिया नदीलाई प्रदूषित बनाउदैं, नियमनकारी मौन'* र *'चाचान ग्रुप प्रदुषण फैलाउदैं, सयौं परिवारको स्वास्थ्य जोखिममा'* शीर्षक राखेर अन्य उद्योगहरुका साथै नारायणी लेदर इण्डष्ट्रिज समेतले सिर्सिया नदी प्रदूषित गरेको निराधार आरोपको सामग्री र चाचान परिवारको समेत बदनाम गर्ने नियतले लगातार सम्प्रेषणभएको सामग्रीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सामग्री पूर्णतया एकपक्षीय, पूर्वाग्रही र मनगढन्ते, कपोलकल्पित भएकाले यसबाट पाठक वर्ग र सचेत नागरिक समाजमा भ्रम मात्र सिर्जना हुन पुग्ने तथा उद्योग व्यवस्थापनको मौनताले यस्तै सूचना प्रदायकको मनोबल मात्र बढ्ने क्रम विकसित हुंदै जाने हामीलाई महसुस भएको छ। अतः हाम्रो तर्फबाट सत्यतथ्य पस्कने हेतुले विज्ञप्तिमार्फत आधिकारिक प्रतिक्रिया दिन चाहेका छौं।**

**१. पहिला मंसिर ६ गतेको सामग्री सम्बन्धमा**

**क. एक सिफ्ट मात्र सञ्चालनमा रहेको *नारायणी लेदर म्यानुफ्याक्चरिङ इण्डष्ट्रिजमा* प्रयोग भई निस्कने पानीलाई छाला प्रशोधन प्रक्रिया अन्तर्गत युनिडोको समेत सहयोगमा जडान भएको *प्राइमरी एफ्लुएन्ट ट्रिटमेन्ट प्लान्टबाट ट्रिटमेन्ट* गरी प्रदूषणरहित पानी मात्र निष्कासन भइरहेको जानकारी गराउन चाहन्छौं।**

**ख. उद्योगको पूर्वपट्टिबाट निस्कने प्रदूषित पानीलाई *Waste Water Treatment Plant* मार्फत प्रशोधन गरेर मात्र फाल्न प्रशोधित पानी निष्कासन भइरहेको र *इटिपी* नियमितरुपले सञ्चालन भइरहेको जानकारी गराउन चाहन्छौं।**

**ग. यस उद्योगले वातावरण ऐन–२०५३ र तत्सम्बन्धी नियमावलीलाई सर्वोपरी राखेर उपर्युक्त विधिबाट प्रशोधन भएको पानी मात्र निष्कासन गराइएका जानकारी गराउंदै हामी समाज, समुदाय, टोल, बस्तीको स्वास्थ्यप्रति सचेत रहेर व्यवसायमा एउटा प्रतिष्ठा हासिल गरेको घराना भएकाले यस्ता अनर्गल सामग्रीहरुले उद्योग व्यवस्थापनको प्रतिष्ठामा आंच पुऱ्याउने र पाठक वर्गमा भ्रम मात्र बांड्ने भएकाले कुनै सत्यता नरहेको जानकारी गराउन चाहन्छौं।**

**२. यस्तै, मंसिर १५ गतेको सामग्री सम्बन्धमा**

**क. चाचान ग्रुपबाट सञ्चालित उद्योगहरुले सिर्सिया नदी प्रदुषित गरेको भनेर पुनः प्रकाशित सामग्रीमा हाम्रो परिवारबारे पनि अनर्गल सूचना सम्प्रेषण भएको अवगत गराउन चाहन्छौं। उद्योग कसरी सञ्चालन भइरहेको भन्ने माथि नै उल्लेख गरिसकेका छौं। तर समाचारमा नदी प्रदुषण गरेको र परिवारका सदस्यहरुको नाम, तस्बिर राखेर हाम्रो उत्पादन र घरानाको समेत बदनाम गरिएको छ।**

**ख. पीडित, स्थानीय, विशेषज्ञका नाममा काल्पनिक नाम राखेर कुनै तथ्य र सत्यमा आधारित नभई समाचारमा लगातार एउटा उद्योगी घरानामाथि अनर्गल आरोप लेख्ने काम भएको छ, जुन कतै पुष्टि हुने आधार पनि छैन। जनस्वास्थ्यका नाममा प्रकाशन भएको सामग्रीमा अखबारले हदैसम्म पूर्वाग्रह राखेर उद्योग र घरानाले राजश्व छलेकोजस्तो गम्भीर आरोपसमेत लगाएर दिन खोजेको विषयमा स्वयम् अखबार प्रष्ट भएको देखिदैंन।**

**ग. पत्रकारिता समाजको मेरुदण्ड हो। सदैव तथ्यपरक समाचारको हामी प्रतीक्षारत हुन्छौं। तर दशकौंदेखि उद्योग गरिरहेको एउटा घरानाविरुद्ध लगातार एकतर्फी प्रहार पत्रकार आचारसंहिता, सामाजिक आचरणविपरीत भएको हामीलाई महसुस भएको छ। आगामी दिनमा सत्यतथ्य समाचार प्रकाशन गर्न अपिल गर्दै समाज, समुदाय र सरोकारवालालाई कुनै पनि भ्रममा नपर्न आग्रह गर्दछौं।**

**नारायणी लेदर म्यानुफ्याक्चरिङ इण्डष्ट्रिज**
**परवानीपुर, बारा**
**मितिः २०८० मंसिर २१ गते**

# राष्ट्रिय एकता अभियानको सम्मेलन सम्पन्न




**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराजमा राष्ट्रिय एकता अभियानको महत्वपूर्ण जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलन संघीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र इस्लामिक अतिवादविरुद्ध चेतना जगाउने उदेश्यले आयोजना गरेको अभियानले जनाएको छ । नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ । सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो । त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र इस्लामिक कट्टरपन्थीविरुद्ध निरन्तर आवाज उठाइरहेको छ । सम्मेलनमा यस्ता खतराका बारेमा जनचेतना जगाउने र त्यसको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको थियो । सम्मेलनमा पार्थव सरकारको अध्यक्षतामा ११ सदस्यीय जिल्ला तदर्थ समिति पनि गठन गरिएको छ । समितिको मुख्य उद्देश्य सप्तरी जिल्लामा अभियानको आदर्शको प्रचारप्रसार र सङ्गठनलाई बलियो बनाउनु हुनेछ । सम्मेलनको समापनमा अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले भने, 'अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौँ, र हामी गर्नेछौं । कुनै पनि विदेशी शक्तिलाई हाम्रो देश कमजोर हुन दिनेछैनौं ।' सम्मेलन पार्थव सरकारको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा राष्ट्रिय अध्यक्ष विनय यादवको उपस्थिति रहेको थियो । अन्य अतिथिहरूमा अभियानका वरिष्ठ नेता बीपी यादव, नेपाली काङ्ग्रेसका जिल्ला उपाध्यक्ष रामकुमार यादव, पूर्व उपमेयर मीना चौधरी, कथाकार पण्डित रामकुमार शास्त्री, श्रीमती सर्वेश्वरी झा, हिन्दू नेता अरविन्द साह र डा चिरञ्जीवीलाल देवलगायतको उपस्थिति थियो ।

# दैनिक ५ रुपैयाँ संकलन अभियान



**मधेशदृष्टि**
**वीरगंज ।**
ठोरीमा रहेको वृद्धवृद्धा तथा असहाय कल्याण संस्थाले ८ लाख रुपैयाँ संकलन गरेको छ । शिक्षक तथा समाजसेवी सन्तोष श्रेष्ठले सुरु गरेको दैनिक ५ रुपैयाँ संकलन अभियान अन्तरगत २ वर्ष मै ८ लाख रुपैयाँ संकलन भएको हो । पर्साको ठोरी गाउँपालिका वडा–१ मा रहेको वृद्धवृद्धा तथा असहाय कल्याण संस्थाको खातामा दुई वर्षको अवधिमा ८ लाख रुपैयाँ जम्मा भएपछि संस्था संचालनमा राहत पुगेको अभियानकर्ता श्रेष्ठले बताए । श्रेष्ठले शुरु गरेको अभियानमा अहिले दैनिक २ सय १० जना देशविदेशमा रहेका सहयोगीहरु जोडिएका छन् । उनीहरुले दैनिक रुपमा पठाएको ५ रुपैयाँबाट २ वर्षमै ८ लाख रुपैयाँ जम्मा भएको र अहिले रकम जम्मा गर्ने दाताहरु समेत बढदै गएको श्रेष्ठले बताए । पर्साको ग्रामिण क्षेत्रमा वेवारिसे अवस्थामा भौतारिदै हिडने वृद्धवृद्धा तथा बेसहारा व्यक्तिहरुको सहारा बन्नका लागि ठोरीमा भारतीय सेनाबाट अवकाश प्राप्त समाजसेवी आसबहादुर गुरुङ्गले आफ्नै व्यक्तिगत खर्चबाट वृद्धवृद्धा तथा असहाय कल्याण संस्था संचालन गरेका थिए । अहिले सस्थांमा २३ जना अपाङ्ग, असहाय तथा वृद्धवृद्धालाई औषधि उपचारसहित खानपान र बसोबासको व्यवस्था मिलाइएको छ । संस्थामा बसोबास गर्नेहरुको दैनिक खर्च चलाउन दीर्घकालीन व्यवस्थापनका लागि अभियानको थालनी गरिएको अभियानकर्ता श्रेष्ठले बताए । खातामा दस लाख रुपैयाँ जम्मा भए अक्षयकोष स्थापना गरी ब्याजबाट खर्च चलाउन सकिने अभिप्रायले अभियान सुरु गरेको उनको भनाई छ । बैंकमा दाखिला भएका रकमको हालसम्म २७ हजार ब्याज आएको र रकम संस्थाका अध्यक्षलाई पठाईसकेको उनले बताए । खातामा एक जनाले दैनिक पाँच रुपैयाँका दरले एक वर्षको लागि आउने एक हजार आठ सय पच्चीस रुपैयाँ जम्मा गर्नुपर्दछ । यसभन्दा बढि रकम एकमुष्ट जम्मा गर्ने प्रावधान समेत रहेको छ । विशेष गरी जन्मदिन तथा अन्य खुसीको अवसरमा संस्थाका रकम जम्मा गर्न आउनेहरुको संख्या समेत दिनप्रति दिन बढ्दै गएको छ ।

# कटहरियामा दुई महिनापछि खानेपानी सेवा

**सञ्जय मिश्रा**
**रौतहट ।**
झण्डै दुईमहिना देखि बन्द रहेको कटहरियाको खानेपानी सेवा बिना उपचार बिहीबारदेखि सञ्चालनमा आएको छ । मेयर अजयप्रकाश जैसवालले १५ लाख रुपैयाँ भन्दा बढीको चेक हस्तान्तरण गरेको एकसातापछि नेपाल विद्युत प्राधिकरण मौलापुरले विद्युत मीटर जोडेपछि बिहीबार साँझदेखि खानेपानी सेवा सञ्चालन भएको हो । तर विगतको जस्तो उपचार नभई बिना उपचारको खानेपानी सञ्चालनमा आएको हो । कटहरिया नगर कार्यपालिका बोर्डको निर्णय अनुसार खानेपानी सुचारु गराउन विद्युतको बक्यौता महसुल तिर्न मेयर जैसवालले गत १४ गते प्राधिकरणको कार्यालय मौलापुरलाई १५ लाख ६ हजार २८० रुपैयाँको चेक हसतान्तरण गरेको थियो । विद्युत आपूर्तिपछि खानेपानी सञ्चालन गरिएपनि केमिकल नहुँदा बिगतको जस्तो पानीको उपचार हुन नसकेको उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले बताएका छन् । त्यसैगरी नगरपालिकाले घोषणा अनुसार रकम निकासा नगर्दा खानेपानी आयोजनामा कार्यरत पाँचजना कर्मचारी १० महिना देखि तलब पाएका छैनन् । खानेपानी कार्यालयमा कार्यरत लेखापाल अनु कुमारी, पम्प अपरेटर मोतिलाल साह सन्दिप कुशवाहा, मीटर रिडर सुनिल कुमार यादव, पोलम्बर नवल पटेल गरी ५ जनाको १० महिनाको तलब १० महिनाको सात लाख रुपैयाँ भन्दाबढी तिर्नुपर्ने बक्यौता रहेको अध्यक्ष साहले जानकारी दिए । यसअघि विद्युत आपूर्ति अभावमा उपभोक्ता समितिले पानी सप्लाई नगरेको कारण दुई महिनादेखि यहाँका सैयौं परिवार शुद्ध खानेपानीबाट वञ्चित भएका थिए । कटहरिया नगरपालिकाले समयमा बक्यौता विद्युत महसुल नतिरेको कारण नेपाल विद्युत प्राधिकरण मौलापुरले दशैं अघिनै खानेपानीको विद्युत मीटर खोलेर लागेको थियो । गत कार्तिक २ गते देखिनै खानेपानीको विद्युत आपूर्ति अवरुद भएको कारण कटहरिया ४ र ५ का १६ सय परिवारका हजारौँ मानिस शुद्ध पानी पिउन बाट बन्चित भएका थिए ।
समितिका अध्यक्ष योगेन्द्र साहका अनुसार मेयर अजयप्रकाश जैसवाल निर्वाचित भए लगत्तै खानेपानी निशुल्क गरिने घोषणा गरेका थिए । तेस्रो सानो सहरी आयोजना इटहरीको पहलमा कटहरियामा निर्माण गरिएको खानेपानी आयोजनाले वडा ४ र ५ अन्तर्गत १६ सय परिवारमा शुद्ध खानेपानीको आपूर्ति गर्दै आएको छ । मेयर जैसवालले विद्युत महसुल झण्डै १६ लाख रुपैयाँ समयमा नतिरेको कारण प्राधिकरणले विद्युत मीटर खोलेर लागेकाले पानी आपूर्ति ठप्प भएको बताएका थिए । त्यतिमात्र नभई सम्झौता अनुसार कटहरिया नगरपालिकाले नगर विकास कोषको किस्ता र ब्याज समेत तिरेका छैनन् । विगतमा बिभिन्न केमिकल राखेर उपचार गरेपछि मात्र खानेपानी सप्लाई हुँदै आएको भएपनि पछिल्लो लामो समयदेखि केमिकल अभावमा बाध्य भएर बिना उपचार पानी सप्लाई गरिरहेको खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले दुखेसो पोखेका छन् ।
कटहरियाका मेयर अजयप्रकाश जैसवालले खानेपानीबाट वञ्चित केही घरमा पाईप जडान गर्न दुईलाख रुपैया छुट्याएको तथा आयोजनामा कार्यरत पाँचजना कर्मचारीको तलबको लागि नगरको अर्को बैठकबाट रकम विनियोजन गर्ने बताएका थिए । मेयर जैसवालले भनेका थिए, 'विद्युत महशुल बापतको रकम तिरेर मैले आफ्नो कर्तव्य पूरा गरेको छु तर वडा ४ का अध्यक्ष चन्दन कुशवाहा र ५ का अध्यक्ष सर्फलाल गुप्ताले पनि आफ्नो दायित्व पूरा गर्नुपर्ने हुन्छ ।'

# प्रशासकीय अधिकृतले सम्हाले कार्यभार



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकामा सरूवा भई आएका प्रमुख प्रशासकीय अधिकृत मालिका भट्टराईले बिहीबारबाट कार्यभार सम्हालेका छन् । यसअघि बिहीबार विहान वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले आफ्नो कार्यकक्षमा प्रमुख प्रशासकीय अधिकृत भट्टराईलाई स्वागत गरेका थिए । वीरगंज आईपुगेका भट्टराईले कार्यभार सम्हाले लगतै विहान ११ बजे वीरगंज महानगरपालिकाका सम्पूर्ण शाखा, महाशाखा, वडा सचिव तथा फाट प्रमुखहरुसँग परिचय तथा छलफल समेत गरेका थिए । उनले वीरगंज महानगरपालिकाले तत्कालै सम्पादन गर्नु पर्ने कार्य, दीर्घकालिन र अल्पकालिन योजना, महानगरका गतिविधिलाई पारदर्शी र जनमुखी बनाउँदै अगाडी बढ्न गर्नु पर्ने कार्यका बारेमा छलफल गरेका थिए । यसअघि वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल आफ्नो १८ महिने कार्यकाल पूरा गरी कोशी प्रदेशको आन्तरिक मामिला कानुन तथा गृह मन्त्रालयको सचिवको रुपमा गएका छन् ।

# ग्लोबल आईएमई बैंकले रकम चोर्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
ग्लोबल आईएमई बैकका कर्मचारी सेवाग्राहीको रकम चोर्ने गरेको पाइएको छ । यातायात व्यवस्था कार्यालय वीरगंजस्थित ग्लोबल आईएमई बैकमा काम गर्ने कर्मचारीले झुक्याएर सेवाग्राहीको रकम चोर्ने गरेको पाइएको हो । झुक्याएर रकम चोर्ने गरेको भिडियो संकलन गर्दा एक टेलिभिजनको क्यामरा फुटाईदिएका छन् । काठमाडौँबाट सवारी चालक अनुमति पत्र 'बी' को राजश्व बुझाउन आएका दुईजना सेवाग्राहीले बुझाएको राजश्वको फारममा कार्बन कपी नआएको भन्दै लेखेर ल्याउन भन्दै बैंकप्रति र एक हजार रुपैयाँ बैंकका कर्मचारीले लिएरपछि थाहा नभएको भन्दै रकम चोर्ने गरेको पाइएको हो । भरतवा घर भई काठमाडौँ बस्दै आएका नविन गिरी र अभिषेक कुमार महतोले राजश्व फारम सहित दिएको रकम क्यास काउण्टरकी कर्मचारीले रातो फारमको कार्बन कपी नआएकाले भरेर ल्याउन भनेर पठाउँदा क्यास काउण्टर मै ग्लोबल आईएमई बैंककै कर्मचारीले राखेको पैसा खुश्बु रौनियारले लिएर पैसा र फारम अतोपतो नरहेको प्रतिक्रिया दिईन् । ५ मिनेट मै भरेर ल्याएको फारम र पैसा थाहा नभएको भन्दै गर्दा भिडियो छ्याकन गरिरहँदा उनले एक टेलिभिजनका क्षेत्रिय ब्यूरो प्रमुखको क्यामरा तोडिदिएकी छन् । यातायात व्यवस्था कार्यालय वीरगंजस्थित ग्लोबल आईएमई बैंकमा काम गर्ने खुश्बु रौनियारले रकम र रसिद लिएर अरुले लगिसकेको भन्दै झुक्याएकी थिईन् । काउण्टर बाहिर सिसाले फ्रेम गरेको अवस्थामा अन्यले रसिद र रकम लग्न सक्ने अवस्था नरहेको बेला काउण्टरभित्र सिसि क्यामराको निगरानीमा झुक्याएर रकम उनी सहितका कर्मचारीहरुले मिलोमतोमा चोर्ने गरेकी छन् ।
विवाद भएपछि टेलिभिजनका सञ्चारकर्मीले भिडियो खिचिरहेको बेलामा उनले क्यामरा खोसाखोस गर्दै लेन्स समेत तोडिदिएकी छिन् । सेवाग्राहीको रकम हिनामिना गरेको सम्बन्धमा सोध्दै गर्दा क्यामरा खोस्ने मात्र होइन्, क्यामरा फुटाईदिने भन्दै क्यामरा फुटाइदिएकी हुन् । पैसा चोर्ने उदेश्यले काउण्टर भित्र रहेर कसैलाई फोन समेत नगरी पैसा अरुले लगेको भन्नु नै उनको नियतमा खोट रहेको देखिन्छ ।

# कुखुराको चल्ला भन्सारलाई बुझाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले भारतीय कुखुराको चल्ला पैठारी गर्ने ३ वटा मोटरसाईकल बिहीबार वीरगंज भन्सार कार्यालयमा बुझाएको छ ।
बिहीबार तस्करहरूले भारतीय कुखुराको चल्लाहरू भन्सार छली चोरी पैठारी गरी भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा पर्साको विन्दवासिनीमा प्रहरीले नियन्त्रणमा लिएको हो । २ हजार चल्लासहित विआर ०५ जेड ७७६५ नम्बरको भारतीय मोटरसाइकल गरेको हो । त्यसैगरी जगरनाथपुरबाट ४ हजार २ सय चल्ला ल्याउन प्रयोग भएको विआर ०५ वि २८८१ र विआर ०५ डब्लु ८३८१ नम्बरको भारतीय मोटरसाईकललाई नियन्त्रणमा लिई भन्सारमा बुझाईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले बताए ।
तीन वटै मोटरसाईलकको मुल्यांकन १ लाख ९२ हजार गरिएको पर्सा प्रहरीले जनाएको छ ।

# गाँजा खेती नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले निजगढ नगरपालिकाको विभिन्न वडामा अवैध रुपमा लगाइएको गाँजा खेती नष्ट गरेको छ ।
ईलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरी टोलीले नगरपालिकाको वडा–१२ का विभिन्न स्थानमा करिब १६ कठामा लगाइएको गाँजा खेती नष्ट गरेको हा । वडा–१२ को सालबिसौनीमा १४ कठा, कुलियामा १ कठा र थलीमा १ कठा गरी कूल १६ कठामा लगाइएको करिब २० हजार बोट गाँजा फडानी गरी नष्ट गरिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बर्ता । गाँजा खेती गर्नेहरुको पहिचान गरी उनीहरुको खोजी भइरहेको न्यौपानले बताए ।

# बिल बिजक ढाँट्ने ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजकभन्दा बढीखुद्रा समानहरू लोड रहेको ट्रक नियन्त्रणमा लिएर राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको छ । वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेको सूचनाको आधारमा वीरगंज महानगरपालिका वडा–२१ परवानीपुर चोकस्थित सडकखण्डमा ना.४ ख ७९१७ नम्बरको मालवाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा बिल बिजकभन्दा बढी मालबस्तुहरू लोड रहेको भेटिएपछि ट्रक नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले बताए । सामानको मूल्य ३१ लाख ६७ हजार ४ सय २४ रुपैयाँ कायम गरी थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको डिएसपी थापाले बताए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन